
# लेखापरीक्षण प्रतिवेदन

# रोशी गाउँपालिका, काभ्रेपलाञ्चोक

## आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# रोशी गाउँपालिका, काभ्रेपलाञ्चोक

आर्थिक वर्ष २०८०/८१

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८२ वैशाख | महालेखापरीक्षक

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय,बागमती प्रदेश**
**काठमाडौं**

प.सं.:2081/82 मिति : २०८२-२-९

च.न.:FAR/2080-81/LOC/524

**विषयः** लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्षज्यू,
रोशी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
अमलटार , काभ्रेपलाञ्चोक ।

### कैफियतसहितको राय

हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

### कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. रोशी गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रू. १४ करोड ९८ लाख ७३ हजार, पर्यटन पूर्वाधार विकास आयोजनाको रू.९८ लाख २२ हजार, स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रमको रु.५० लाख, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रू..१ करोड ५६ लाख ७९ हजार र गरिबसँग विश्वेस्वर कार्यक्रमको रू. २ लाख ५ हजार समेत गरी रू.१८ करोड ५ लाख ८० हजार सुत्रमा समावेश गरेको छैन।

२. गाउँपालिकाको रु.१ अर्ब ७२ करोड ८५ लाख ४८ हजारको लेखापरीक्षण गरिएकोमा रू.४ करोड ३६ लाख ३५ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा रु. ५५ लाख ३२ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू.२ लाख ४० हजार ,

प्रमाण कागजात पेस गर्नुपर्ने रू.२० लाख ६७ हजार, नियमित गर्नुपर्ने रु.३ करोड २९ लाख २७ हजार र पेस्की बाँकी रु.२८ लाख ६९ हजार रहेको छ। गत वर्षसम्म रु.१३ करोड ४० लाख ३ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.१७ करोड २१ लाख ५ हजार रहेको छ।बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३. गाउँपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरू ८, १४, १७, सम्पत्ती तथा राजश्व लगायतका विवरणहरू खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान,लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने रोशी गाउँपालिकासँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य बेहोरा**

यो गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी रोशी गाउँपालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेकोनेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।



( तारा प्रसाद पाण्डे )

नायब महालेखापरीक्षक

चालु वर्षको बेरुजु

बेरुजु वर्गीकरण

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | साधभर्नी नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ६९ | ६९ | ४,३६,३५,५४६ | ० | ४० | ५५,३१,९५३ | ० | ६९ | २९ | ३,८१,०३,५९३ | २,४०,४३० | ३,२९,२७,१६७ | २०,६७,३९६ | ० | ० | ३,४९,९४,५६४ | २८,६८,६०० |

अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| काभ्रेपलाञ्चोक | १३,४०,०३,००० | ० | १,३४४ | १३,४०,०१,६५६ | ० | ३,८१,०३,५९२ | १७,२१,०५,२४८ |

बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०७९/८० | ६२ | पाठ्यपुस्तक | १,३४४ |
| २ | २०८०/८१ | ७८ | बैठक भत्ताः | १०,००० |
| ३ | २०८०/८१ | ४४ | बढी भुक्तानीः | २०,००० |
| ४ | २०८०/८१ | ४२ | प्रदेश समपुरक अनुदान फिर्ता नगरेकोः | ७,४०,६४५ |
| ५ | २०८०/८१ | ३९ | पेश्की बाँकी | २५,४६,५०० |
| ६ | २०८०/८१ | ५९ | तलब बृद्धी बढी भुक्तानी | २२,७३९ |
| ७ | २०८०/८१ | ४१.१ | ज्योती मार्ग सडक स्तरोन्नती | ७,४०,९०० |
| ८ | २०८०/८१ | ६५ | छात्रवृतीः | १,००,००० |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ९ | २०८०/८१ | ४८ | छात्रवृति अनुदानः | १,००,००० |
| १० | २०८०/८१ | ७३.1 | कृषि तथा पशु कार्यक्रम | ५,४८० |
| ११ | २०८०/८१ | ६१ | करार कर्मचारीलाई महंगी भत्ताः | ८१,१८० |
| १२ | २०८०/८१ | ८६.१ | आन्तरिक लेखापरीक्षणबाट कायम व्यहोरा | २६,३५० |
| १३ | २०८०/८१ | ४३ | संघीय समपुरक अनुदानः | ११,३८,१५९ |
| जम्मा | | | | ५५,३३,२९७ |

**नोटः गत विगतको सम्परीक्षणको सन्दर्भमा आवश्यकता अनुसार आर्थिक वर्ष थप गर्न सकिनेछ ।**

**लेखापरीक्षण बक्यौताको विवरण**

| कार्यालय कोड | कार्यालयको नाम |
|---|---|

# (८०३२६५०७३०० - रोशी गाउँपालिका, काभ्रेपलाञ्चोक )

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा १२ वडा रहेको छ भने क्षेत्रफल १७६ वर्ग किलोमिटर तथा २३७९० जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ ।८।२० देखि २०८१ ।८।२३ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको आय — व्ययतर्फ रु.१,७२,८५,४७,५६६.०२ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.१७,२१,०७७।४६ असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | राष्ट्रिय बाणिज्य बैंकमा भौचर नं. ७६९५३१३९ मिति २०८१।११।२ बाट रु १७९६४५, भौचर न १४०१६२८० मिति २०८१।९।२१ बाट १००७६ र भौचर न १४७१८०७७ मिति २०८१।९।१२ बाट रु २४१४ गरी जम्मा रु १९२१३५।०० राजश्व शिर्षक १५१११ संघीय संचित कोषमा दाखिला | १९२१३५ |
| २ | महगी भत्ता बापतको भौचर न ४१२३२१४४४३३ बाट रु.२३७६०।०० भौचर न ४१२३२१४४४५६ बाट १०७९४३८।४६ र भौचर न ४१२३२१४४४४१ बाट रु १९००८०।०० गरी जम्मा रु १२९३२७८।४६ सिद्धार्थ बैंकमा मिति २०८१।११।६ मा स्थानीय संचित कोषमा दाखिला | १२९३२७८।४६ |
| ३ | भौचर न ७७१०१६१४ मिति २०८१।११।८ मा सामाजिक सुरक्षा बापतको रकम राष्ट्रिय वाणिज्य बैंकमा राजश्व शिर्षक १५१११ मा संघीय संचित कोषमा दाखिला | २२७७४४ |
| ४ | रसिद नं. ३९३ मिति २०८१।११।२१ मा महंगी भत्ता रकम असुल भै स्थानिय संचित कोषमा दाखिला | ७९२० |
| | जम्मा | १७२१०७७।४६ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तिय विवरण**

२.१ **एकीकृत आयव्यय-** पालिकाको आर्थिक बर्ष २०८०।८१ को एकीकृत आय व्यय निम्नानुसार रहेको छ ।

| सि.नं | आयतर्फ | | सि.नं | व्ययतर्फ | |
|---|---|---|---|---|---|
| | विवरण | रकम | | विवरण | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | **६०२२६८८४.०१** | १ | **चालु खर्च** | **४४१७२१७५२.५६** |
| | क)स्थानीय तह संचित कोष | ३७४२१४१२.०१ | २ | **पूँजीगत खर्च** | **१६७३९६३८२.९९** |
| | ख)धरौटी | १२८१३८१३ | ३ | **धरौटी फिर्ता** | **२९६३१५२** |
| | ग)विविध खर्च खात | ९५२१००५ | ४ | **अनुदान फिर्ता खर्च** | **३८६६८६११.९४** |
| | घ)विविध कोष | ४७०६५४ | | क) संघीय अनुदान | २८४१७९९७.५६ |
| २ | **राजस्व ( आन्तरिक आय)** | **१७११६१३१२.३३** | | ख) प्रदेश अनुदान | १०२५०६१४.३८ |
| | क) आन्तरिक राजस्व | १४०७१६८७.८१ | ५ | **कोष खर्च** | **२९९०६५५१.०३** |
| | ख)संघीय राजस्व बाँडफाँड | ८४९६५३२२.३७ | | विविध कोष तथा खर्च खाता | २४६६९२००.३२ |
| | ग) प्रदेश राजस्व बाँडफाँड | ३३४५३११७.१५ | | प्रकोप व्यवस्थापन कोष खाता | ५२३७३५०.७१ |
| | घ) स्थानीय राजस्व बाँडफाँड | ३८६७११८५ | ६ | **विषयगत निकायको खर्च (CGAS)** | **१८०५७९५४७** |
| ३ | **वित्तीय हस्तान्तरण संघ** | **४२७७०८०००** | | क)सामाजिक सुरक्षा तथा संरक्षण | १४९८७३३२० |
| | क) वित्तीय समानीकरण अनुदान | ९४३९५००० | | ख)एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | १५६७९००० |
| | ख) सशर्त अनुदान | ३१५८१३००० | | ग)गरिबसँग विश्वेश्वर कार्यक्रम | २०५००० |
| | ग) समपूरक अनुदान | ७५००००० | | घ)पर्यटन पूर्वाधार विकास आयोजना | ९८२२२२७ |
| | घ) विशेष अनुदान | १००००००० | | ङ)स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम | ५०००००० |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | **५७७७४०००** | ७ | **मौज्दात** | **६५६२०७१२.८३** |
| | क) वित्तीय समानीकरण अनुदान | १००२४००० | | क)स्थानीय तह सञ्चित कोष मौज्दात | ४६२७७८७६.८५ |
| | ख) सशर्त अनुदान | २७७५०००० | | ख)धरौटी | १४४७३८६८ |
| | ग) समपुरक अनुदान | २००००००० | | ग)विविध खर्च खाता | ४३३९१४३.९८ |
| | घ) विशेष अनुदान | | | घ)विविध कोष खाता | ३९३८४४ |
| ५ | **विषयगत निकायबाट प्राप्त** | **१८०५७९५४७** | | ङ)प्रकोप व्यवस्थापन कोष खाता | १३५९८० |
| | क)सामाजिक सुरक्षा तथा संरक्षण | १४९८७३३२० | | | |
| | ख)एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | १५६७९००० | | | |
| | ग)गरिबसँग विश्वेश्वर कार्यक्रम | २०५००० | | | |
| | घ)पर्यटन पूर्वाधार विकास आयोजना | ९८२२२२७ | | | |
| | ङ)स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम | ५०००००० | | | |
| ६ | **कोषको आय** | **२४७८३७६०।०१** | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | क) प्रकोप व्यवस्थापनकोष | ५३७३३३०.७१ | | | |
| | ख) विविधकोष आय | ३०० | | | |
| | ग) विविधखर्च खाता आय | १९४१०१२९.३ | | | |
| ७ | **धरौटी आय** | **४६२३२०७** | | | |
| | **जम्मा** | **९२६८५६७१०.३५** | | **जम्मा** | **९२६८५६७१०.३५** |

२.२ **वित्तीय प्रतिवेदन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलब्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०-०१) सम्बन्धमा निम्नअनुसार देखिएको छः

| प्राप्तिर भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | | | | |
|---|---|---|---|---|---|---|
| क्र.स./ आर्थिक सङ्केत | विवरण | टिप्पणी नं | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोबार |
| | | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझैभुक्तानी) | जम्मा | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | |
| ११००० | कर | | १२,६९,५१,९३४.७७ | ० | १२,६९,५१,९३४.७७ | ६,४२,३६,६६०.७८ |
| १३००० | अनुदान | | ४४,६८,१३,३८८.०६ | ० | ४४,६८,१३,३८८.०६ | ४९,०८,८३,३४०.१७ |
| १४००० | अन्य राजस्व | | ४,७६,०३,७९६.४० | ० | ४,७६,०३,७९६.४० | ५,३४,६०,४५१.६२ |
| १५००० | विविध प्राप्ति | | १२,०५,९२६.१३ | ० | १२,०५,९२६.१३ | २,४१,७०७.०० |
| ३३३६६ | दहत्तर बहत्तर शुल्क | | ० | ० | ० | ० |
| क | **कुल जम्मा प्राप्ति** | | ६२,२५,७५,०४५.३६ | | ६२,२५,७५,०४५.३६ | ६०,८८,२२,१५९.५७ |
| ३ | चालु | | ४४,१७,२१,७५२.५६ | ० | ४४,१७,२१,७५२.५६ | ४३,८३,९२,३५०.५२ |
| २१००० | पारिश्रमिक / सुविधा | | २५,०६,२१,९७०.५३ | ० | २५,०६,२१,९७०.५३ | २४,३०,१५,३९६.४१ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | | १८,४५,१०,५१६.०३ | ० | १८,४५,१०,५१६.०३ | १७,९९,०५,२३७.७५ |
| २५००० | सहायता (Subsidy) | | ० | ० | ० | ३,९६,८८४.३६ |
| २७००० | सामाजिक सुरक्षा | | ५०,०६,५८६.०० | ० | ५०,०६,५८६.०० | १,२१,२२,४५२.०० |
| २८००० | अन्य खर्च | | १५,८२,६८०.०० | ० | १५,८२,६८०.०० | २९,५२,३८०.०० |
| ४ | पूंजीगत | | १६,७३,९६,३८२.९९ | ० | १६,७३,९६,३८२.९९ | २७,८१,८७,१४७.२३ |
| ३१११० | भवन तथा संरचना | | १,१२,२७,५३२.६० | ० | १,१२,२७,५३२.६० | ३,५३,९९,६४६.५० |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | | ४०,०५,३०९.०० | ० | ४०,०५,३०९.०० | १,५३,४३,८४३.०० |
| ३११३० | अन्य पूँजीगत खर्च | | २२,७०,४२२.०० | ० | २२,७०,४२२.०० | १,३८,७५,८८१.०० |
| ३११४० | सुरक्षा उपकरण | | ० | ० | ० | १२,००,०००.०० |
| ३११५० | सार्वजनिक निर्माण | | १४,९८,९३,११९.३९ | ० | १४,९८,९३,११९.३९ | २१,०१,३०,५३४.७३ |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | | ० | ० | ० | २२,३७,२४२.०० |
| ख) | **कुल जम्मा भुक्तानी** | | ६०,९१,१८,१३५.५५ | | ६०,९१,१८,१३५.५५ | ७१,६५,७९,४९७.७५ |
| ग) | **बचत /कमी (ग = क-ख )** | | १,३४,५६,९०९.८१ | | १,३४,५६,९०९.८१ | (१०,७७,५७,३३८.१८) |
| घ) | **धरौटी, आकस्मिक कोष लगायतका अन्यकोषको मौज्दातको थप/घट (+/-)** | | (३३,८६,४२६.०२) | | (३३,८६,४२६.०२) | २८,३५,७३५.५३ |
| घ.१) | **कट्टी रकम भुक्तानी/दाखिला** | | | | | -७६,३१०.०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | **गर्नबाकी** | | | | | |
| ङ) | **यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ)** | | १,००,७०,४८३.७९ | | १,००,७०,४८३.७९ | (१०,४९,२१,६०२.६५) |
| च) | **गत आ.व.को नगद तथा बैंक मौज्दात** | | ५,५५,८४,७७४.९० | | ५,५५,८४,७७४.९० | १७,००,४९,३७९.८९ |
| छ) | **विनिमय नाफा/घाटा तथा अन्यसमायोजन** | | | | | |
| ज) | **आ.व. अन्तको बाँकी नगद तथा बैंकमौज्दात ( ज= ङ+च+छ)** | | ६,५६,५५,२५८.६९ | | ६,५६,५५,२५८.६९ | ६,५१,२७,७७७.२४ |

२.३ **वित्तीय विवरणको यथार्थता –**

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु १४९८७३३२०।०० एकिकृतस्वास्थ्य पुर्वाधार विकास कार्यक्रमको रु. १५६७९०००।००र गरिबसंग विश्वेशर रु२०५०००।००,पर्यटन पूर्वाधार विकास आयोजना रु. ९८२२२२७।००,स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम रु.५००००००।०० समेत गरी रु. १८०५७९५४७।०० सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार एकीकृत वार्षिक प्रतिवेदन( म.ले.प.फा.न. २७०) मा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

२.४ **फरक हिसाब**–यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०-०१) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहाय अनुसारगत वर्षको जिम्मेवारी रु.४६४२१०९।११, यस वर्षको प्राप्ति रु. २४४३९३४५१.९८, यस वर्षको भुक्तानी रु. २५२४५६४३२.९७र बैंक मौज्दात रु.३४५४५।८६ ले फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७०-०१ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसार वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७० - ०१) | ५५५८४७७४.९० | ६२,२५,७५,०४५.३६ | ६०९११८१३५.५५ | ६५६५५२५८.६९ |
| एकीकृत आर्थिक विवरण अनुसार | ६०२२६८८४।०१ | ८६६९६८४९७.३४ | ८६१५७४५६८.५२ | ६५६२०७१२.८३ |
| फरक | ४६४२१०९।११ | २४४३९३४५१.९८ | २५२४५६४३२.९७ | ३४५४५.८६ |

२.५ **फरक जिम्मेवारी** -पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु. १५३५५०५३४।०० मौज्दात रहेकोमा यो वर्ष रु.६०२३१२८४.०१ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.९३३१९२४९।९९ घटी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्दछ ।

२.६ **नगद मौज्दातः** पालिकाको सुत्र म.ले.प.फा.नं.२७० को वित्तिय प्रतिवेदन टिप्पणी ६.२ मा नगद तथा बैंक मौज्दात अनुसार मौज्दात रु.६५६२०७१२.८३र नगद मौज्दात रु.३४५४५।८६ देखिएकोले नगद मौज्दात सम्वन्धित खातामा दाखिला गर्नुपर्दछ ।

२.७ **बैङ्क हिसाब विवरण-** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाको नगद मौज्दात रकम रु.३४५४५।८६ सुत्रमा देखिए पनि सम्बन्धित खातामा दाखिला गरेको देखिएन । पालिकाले पेश गरेको विवरण अनुसार स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छः

| सिनं | खाता | स्रेस्ता अनुसार मौज्दात रु. | बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु. | फरक रु. |
|---|---|---|---|---|
| १ | स्थानीय तह सञ्चित कोष खाता | ४६२७७८७६.८५ | ४६२७७८७६.८५ | ० |
| २ | आन्तरिक अनुदान खाता | ० | ० | ० |
| ३ | चालु खर्च खाता | ० | ० | ० |
| ४ | पुँजीगत खर्च खाता | ० | ०<br>० | ०<br>० |
| ५ | विविध खर्च खाता | ४३३९१४३.९८ | ४३३९१४३.९८ | ० |
| ६ | विविध कोष खाता | ३९३८४४ | ३९३८४४ | ० |
| ७ | प्रकोप व्यवस्थापन खाता | १३५९८० | १३५९८० | ० |
| ८ | स्थानीय विभाज्य कोष | ० | ० | ० |
| ९ | कर्मचारी कल्याण कोष खाता | ० | ० | ० |
| १० | धरौटी | १४४७३८६८ | १४४७३८६८ | ० |
| ११ | ग१.१,आन्तरिक राजस्व खाता | ० | ० | ० |
| १२ | ग१.२,बाँडफाँडबाट प्राप्त राजस्व खाता | ० | ० | ० |
| | जम्मा | ६५६२०७१२.८३ | ६५६२०७१२.८३ | ० |

## ३ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

.

- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ,

- पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची ११ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन,
- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन ,
- पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन,
- भ्रमण खर्च नियमावली २०६४ को नियम २१ बमोजिम भ्रमण अभिलेख खाता राखे पनि अध्यावधिक नगरेको र नियम १८ बमोजिम भ्रमण प्रतिवेदन आंशिक रुपमा राखेपनि पूर्णरुपमा राखेको पाइएन ,
- वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन ,
- कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको,
- कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन,
- ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन,
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४ (२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन,
- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन,
- सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन,
- वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार पाइएन,
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन,
- वागमती प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ८ वमोजिम अनुसुची ५ को ढाँचामा कर्मचारीको कार्यविवरण तयार गरी लागु पाइएन,
- म.ले.प फारामहरुः कार्यालयले परिमार्जित म.ले.प. फारमहरुको आशिक रुपमा प्रयोग गरेको छ। अतः परिमार्जित म.ले.प. फारमहरुको पूर्ण रुपमा लागू गरेको पाइएन ,
- वडामा सिफारिस दस्तुरको चलानी रजिष्टर समेत भिडाई राजश्व दाखिला रकम एकिन गर्नुपर्नेमा चलानी रजिष्टर पेश भएन,
- प्रदेश आर्थिक ऐन २०८० को दफा ९ बमोजिम ढुङ्गा,चुनढुङ्गा, खरिढुङ्गा गिट्टी , ग्राभेल, रोडा , बालवा (स्वीकृत खानी क्षेत्र बाहेक) को प्रतिघनफिट रु.९ कादरले शुल्क पालिकाको आर्थिक ऐनमा समेत व्यवस्था गरी असुल गर्नुपर्नेमा उपभोक्ता समितिबाट निर्माण काममा प्रयोग भएको उक्त सामग्रीको मुल्याङकन भएको परिमाण बराबरको रकम असुल गरेको देखिएन।

अतः आन्तरीक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्दछ।

## ४ आन्तरिक लेखापरीक्षण

स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । साथै महालेखानियन्त्रक कार्यालयको आन्तरिक लेखापरीक्षण निर्देशिकामा त्रैमासिक रुपमा आन्तरिक लेखापरीक्षण गराउनुपर्ने समेत उल्लेख छ। तर पालिकाले आन्तरिक लेखापरीक्षकबाट यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण वर्षको अन्तिममा एक पटक गराएको छ । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण त्रैमासिक रुपमा गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

## ५ स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कनः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य

स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको प्रमाण पेश भएन। स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ।

६ **बजेट सीमा निर्धारण समितिः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेपनि समयभित्र उपलब्ध गराएको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

७ **बजेट तथा कार्यक्रम तर्जुमाः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्य बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । अतः समयमा अख्तियारी दिनुपर्दछ ।

८ **बजेट पेश, पारित र अख्तियारीः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०८०।३।१० मा रु ७४ करोड २७ लाख ६० हजारको बजेट सभा समक्ष पेश गरेकोमासभाबाट मिति २०८०।३।१७ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।४।४ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ

९ **वार्षिक खरिद योजना/गुरुयोजनाः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ बमोजिम सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ वमोजिम वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ वमोजिम वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । पालिकाले विभिन्न शीर्षक अन्तर्गत यस वर्ष रु. १६७३९६३८२.९९. पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

१० **क्षेत्रगत बजेट र खर्चको स्थितिः**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | कुल खर्चको तुलनामा खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ४२९००६१९ | ३३४९५४५७.१५ | ५.५० |
| २ | पूर्वाधार विकास | १४९५३६६७८ | ११२६९४७४८.२ | १८.५० |
| ३ | सामाजिक विकास | ४२६५५६३१७ | ३६६७८६१८१.९ | ६०.२१ |
| ४ | बातावरण तथा विकास | ९३४०६००० | ७०१३९१२ | १.१५ |
| ५ | संस्थागत विकास,सेवा प्रवाह र सुशासन | ७१७९३०१ | ५८१८९७२.२२ | ०.९६ |
| ६ | अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | ११५५०००२२ | ८३३१६७४४.०९ | १३.६८ |
| **जम्मा** | | **७५३०१३५३७** | **६०९१२६०१५।५६** | **१००** |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये संस्थागत विकास, सेवा प्रवाह र सुशासनमा सबैभन्दा घटी ०.९६ प्रतिशत र सामाजिक विकासमा सबै भन्दा बढी ६०.२१ प्रतिशत रहेको छ । पूर्वाधार तथा पुजीगतका क्षेत्रमा खर्च वृद्धि गरी सेवा प्रवाहलाई उत्पादनमूखि तथा परिमाणमूखी समेत बनाउनुपर्दछ ।

११ **खर्च बिश्लेषण**

पालिकाले यस वर्ष कुल आन्तरिक आयबाट रु.५२७४२८७२।८१ राजस्व बाँडफाँड र अनुदानबाट रु. ६०३९००४३९।५२, गत वर्षको जिम्मेवारी समेत रु.७१६८७०१९६।०१ आम्दानी भएकोमा चालु तर्फ रु. ४४१७२१७५२.५६ र पूँजिगत तर्फ रु. १६७३९६३८२.९९ समेत रु.६०९११८१३५.५५ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ८.६६ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु.८८१४००० खर्च भएको छ जुन आन्तरिक आयको १६.७१ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६४.६९ प्रतिशत चालु र ३५.३१ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

१२ **योजना प्राथमिकीकरणः**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नअनुसार १२ वडाको लागि २७९ वटा वडागत र पालिकास्तरका २३ वटा गरी कुल ३०२ (पुर्वाधारतर्फ ) योजनामा वजेट विनियोजन गरेको छ। योजनागत विवरण देहायबमोजिम छ ।

| क्र.स | कार्यक्रमको नाम | योजना संख्या | रु.५ लाखभन्दा कम योजना संख्या | रु.५ लाख देखि २० लाख सम्मका योजना संख्या | रु.२० लाख भन्दा माथिका योजना संख्या |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | २३ | १९ | | ४ |
| २. | वडास्तरीय | २७९ | २४५ | ३२ | २ |
| | जम्मा | ३०२ | २६४ | ३२ | ६ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न

उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये पुर्वाधारतर्फ ३०२ रहेकोमा ८ योजना कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

१३ **लक्ष्य प्रगति :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७को नियम ३५ (१) बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसुचि २ बमोजिमको ढाचा त्रैमासिक प्रगति विवरण तयार गर्नुपर्दछ। कार्यालयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिति | | | | |
|---|---|---|---|---|---|---|
| | | शून्य प्रगति | २५%सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति | ७५% भन्दा बढी प्रगति |
| कार्यक्रम संख्या | ३०२ | ८ | | | ० | २९४ |

पूर्वाधार तर्फ ३०२ योजना छनौट भएकोमा ८ वटा संचालन नआई २९४ वटा मात्र संचालनमा आएको देखियो । अतः लक्ष्य वमोजिम प्रगति हुनेगरी कार्यक्रम संचालन गर्नुपर्दछ ।

१४ **त्रैमासिक पूँजीगत खर्चः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ (१) बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| **बजेट उपशिर्षक** | **कुल खर्च** | **त्रैमासिक खर्च** | | | | **आषाढ महिनाको खर्च** |
|---|---|---|---|---|---|---|
| | | **प्रथम** | **दोस्रो** | **तेश्रो** | **चौथो** | |
| पुँजीगत खर्चतर्फ | १६७३९६३८२।९९ | १७६९९३०३.८४ | ३८४९५७७२ | ६६११९४०४.७५ | ७५११९४०४.७५ | ३९८२६९८९.७५ |
| प्रतिशत | | १०.५७ | २३ | २६.९३ | ३९.५० | २३.७९ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु. १६७३९६३८२.९९ निकासा भएकोमा प्रथम त्रैमासिकमा रु. १७६९९३०३.८४ ( १०.५७प्रतिशत), दोस्रो त्रैमासिकमा रु.३८४९५७७२ (२३प्रतिशत), तेस्रो त्रैमासिकमा रु. ४५०८१९०२.४० (२६.९३प्रतिशत) र चौथो त्रैमासिकमा रु. ७५११९४०४.७५ (३९.५० प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. ३९८२६९८९.७५(२३.७९प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

१५ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशाकीय अधिकृत सहित १७१दरवन्दी रहेकोमा १५९ पदपूर्ती भई १२ रिक्त देखिन्छ । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । पालिकाले पेश गरेको विवरण अनुसार दरवन्दी पदपूर्ती लगायतको विवरण देहाय अनुसार छन ।

| सि नं | दरवन्दी विवरण | संघिय मामिलाबाट स्वीकृत | स्वास्थ्य मन्त्रालयबाट स्विकृत | जि वि स | पालिकाबाट स्वीकृत | कार्यक्रम | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | दरबन्दी | ४३ | ५० | ३ | ५३ | २२ | १७१ |
| २ | पदपूर्ती | ३६ | ४६ | ३ | ५३ | २१ | १५९ |
| ३ | रिक्त | ७ | ४ | | | १ | १२ |
| ४ | कार्यरत (करार समेत) | ३६ | ४६ | ३ | ५३ | २१ | १५९ |
| ५ | दरवन्दी वेगर | | | | | | |
| ६ | स्थायी | २५ | २९ | ० | ३ | ० | ५७ |
| ७ | करार | ११ | १७ | ३ | ५० | २१ | १०२ |

पालिकाले ओ एण्ड एम सर्वेक्षण गरी गाउँसभाबाट स्वीकृत गरी प्रदेश निजामती कितावखानामा पदहरु दर्ता गरी रिक्त पदमा प्रदेश लोकसेवा आयोगबाट पदपूर्ती गर्नुपर्नेमा ओ एण्ड एम सर्वेक्षण गरी स्वीकृत गरेको देखिएन।पालिकाले करारमा कर्मचारी भर्ना गरी खर्च लेखेकोले दरवन्दी स्वीकृत गरी स्थायी पदपुर्ती गर्नुपर्दछ। तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

## १६ कर्मचारी व्यवस्था

बागमती प्रदेश स्थानीय सेवा (गठन तथा संचालन ) ऐन २०७९ को दफा १६ बमोजिम स्थानीय सेवाका कर्मचारीले गर्नुपर्ने कार्यका लागि कुनै पनि व्यक्तिलाई ज्यालादारी वा करारमा नियुक्ति गर्न नहुने उल्लेख छ । त्यस्तै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न नहुने उल्लेख छ । पालिकाले उल्लेखित पदहरुमा बाहेक कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता रु. १९८७८९२४।०० भुक्तानी गरेको पाइयो । ऐनले तोकेको पदमा बाहेक अन्य पदमा स्थायी कर्मचारी नियुक्ति गरी पदपुर्ति गर्नुपर्दछ।

| पद | नियुक्ति संख्या | तलव भत्ता रु. |
|---|---|---|
| इन्जिनियर | १ | **५६७९५७** |
| सव इन्जिनियर | ४ | १८०५९६० |
| अ.स.ई | ६ | २५६६३५६ |
| ना.प.स्वा.प्रा | २ | ८५५४५२ |
| हे.अ | ४ | १८०५९६० |
| अ.हे.ब | ६ | २५६६३५६ |
| अ.न.मी | ११ | ४७०४९८६ |
| स्टाफ नर्स | १ | ४५१४९० |
| मेडिकल अधिकृत | १ | ६३३५८१ |
| ल्याब असिसस्टेन्ट | १ | ४५१४९० |
| अमिन | १ | ४२७७२६ |
| क. अपरेटर | २ | ९०२९८० |
| स. क. अपरेटर | ५ | २१३८६३० |
| जम्मा | ४६ | १९८७८९२४ |

१७ **रकमान्तर**

स्थानीय सरकार सञ्चानल ऐन, २०७४ को दफा ७३ मा खर्च गर्ने अख्तियारी र कार्यविधि सम्बन्धमा उल्लेख छ । साथै सोही नियमको उपनियम ७ बमोजिम कार्यपालिकाले सभाबाट स्वीकृत सीमा र शीर्षक बाहिर गई खर्च गर्न नपाउने उल्लेख छ । त्यस्तै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३३ अनुसार विशेष कारण तथा परिस्थिति बाहेक कुनै बाध्यात्मक अवस्थामा रकमान्तर गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले ऐन तथा नियमावलीको व्यवस्था अनुसार रकमान्तर गर्नुपर्ने कारण तथा अवस्था उल्लेख नगरी ६ वटा योजनामा घटाएको तथा २६ वटा योजना तथा कार्यक्रम थप गरी रु.१९२००५३७।१९ रकम रकमान्तर गरी हिउँदे गाउँसभाबाट स्वीकृत गराएको छ। यसरी कारण बेगर रकमान्तर गर्ने तथा आर्थिक वर्षको विचमा रकमान्तर गरी आर्थिक वर्षको अन्तमा खर्च गर्दा नागरीक अपेक्षा अनुसार काम नहुने र आर्थिक अनुसासन हिनता बढ्ने अवस्था देखियो। रकमान्तर गरी खर्च गर्नु भन्दा शुरुमा नै कार्यान्वयन हुने योजना छनौट गरी रकमान्तर नहुने परिपाटी बसाल्नुपर्छ ।

१८ **गतवर्षको भुक्तानीः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित तथा यस वर्षको बजेटमासमेत गत वर्षको भुक्तानी दिन बाँकीको व्यवस्था गरी चालु शिर्षकमा २७ कार्यक्रमको रु.२४४३७८४.०० र पुजिगत शिर्षकमा ३२ योजनाको रु.९५९६९७३।५० समेत जम्मा रु.१२०४०७५७।५० भुक्तानी भएको देखियो । बजेट विनियोजन गरी सोही आर्थिक वर्ष भित्र नै भुक्तानी हुने व्यवस्था मिलाउनुपर्छ।

१९ **सेवा प्रवाहः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ११ अनुसारका सेवाहरु पालिकावासीलाई प्रदान गर्दछ। आफ्नो कार्यक्षेत्र भित्रका नागरिकता सिफारिस, घरबाटो सिफारिस, नाता प्रमाणित, जन्म, मृत्यु, विवाह दर्ता, बसाईसराई, विद्युत मिटर सिफारिस, निःशुल्क

सिफारिस लगायत अन्य विभिन्न सेवा प्रवाहको विवरण अद्यावधिक गरी अभिलेखिकरण गरिनु पर्दछ। पालिकाले उपलब्ध गराएको विवरण अनुसार प्रवाहित सेवाहरुको विवरण निम्नानुसार रहेको छ।

| **विवरण** | **जम्मा** |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | २८ |
| **पञ्जिकरणतर्फ** | |
| जन्मदर्ता | ९७७ |
| मृत्युदर्ता | ३३९ |
| बसाईसराई दर्ता | ९० |
| विवाह दर्ता | ४५८ |
| सम्बन्धविच्छेद दर्ता | ४५ |
| **पूर्वाधार विकास सडक निर्माण** | |
| कालोपत्रे सडक निर्माण | |
| कालोपत्रे सडक मर्मत | ० |
| ग्राभेल सडक निर्माण | ३.१ कि.मि. |
| ग्राभेल सडक मर्मत | १.२१ कि.मि. |

पालिकाबाट प्रदान हुने सेवा लिन आएको अवस्थामा बाहेक पनि जनचेतनामा वृद्धि एवं प्रचारप्रसार गरी पंजिकरण तर्फ घटना पश्चात अनिवार्य दर्ता गराउन जागरुक गराउनु पर्ने र पुर्वाधार विकास तर्फ वार्षिक बजेट र आवधिक योजनासँग तादाम्यता मिलाई लक्ष्य बमोजिम प्रगति हासिल गर्नुपर्दछ।

## २० कानून र सञ्चालन स्थितिः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा पालिकाले हालसम्म ७ वटा ऐन, ३ वटा नियमावली, ५७ कार्यविधि, लगायत ६७ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । राजपत्रमा प्रकासित उक्त कानूनहरु पुर्ण रुपमा कार्यान्वियनमा ल्याउनुपर्दछ ।

## २१ न्यायिक समितिः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गत वर्ष फर्छौट , कारबाही तथा किनारा लगाउन बाँकी नरहेको र यस ८ विवाद दर्ता भएकोमा ५ वटा मात्र फर्स्यौट भई ३ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

## २२ फोहरमैला व्यवस्थापनः

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

२३ **ठेक्का व्यवस्था :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिश्पर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका निर्माण योजना कार्यान्वयन गर्दै आएको छ । यस्ता योजना लागत अनुमानको ५६.१ देखि ६४.५६ प्रतिशत सम्ममा गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गराएको पाइयो । पालिकाको स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

| क्र.सं. | योजनाको विवरण | ठेक्का नं. | बोलपत्रदाता | लागत अनुमान | सम्झौता रकम | घटी प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | चौकीडाँडा खहरेपाँगु सडक स्तरोन्नती, रोशी ३ | RRM/UCKS/W/NCB/01-2080/81 | डि एण्ड डि निर्माण सेवा | १४९९६६०६.४७ | ८५८९५३३.७५ | ५७.२७ |
| २ | कालढुंगा गोमती भञ्ज्याङ हायु बस्ती वडा कार्यालय जोड्ने सडक | RRM/UKGS/W/NCB/03-2080/81 | बाजु विल्डर्स प्रा.लि. | १९९९८७५५.०४ | ११२६२४६५.९२ | ५६.३१ |
| ३ | ताराखसे हात्ती आहाल लेक पर्यटकीय क्षेत्र संरक्षण कार्य | RRM/UMGS/W/NCB/01-2080/81 | अविधा इन्टरनेशनल प्रा.लि. | ९९९९५६७.२५ | ६४५६३०१.०६ | ६४.५६ |
| ४ | माम्तिहर्कपुर शिखरपुर घ्याङडाँडा अन्तरपालिका सडक | RRM/UMGS/W/NCB/01-2080/81 | हिमशिखर कन्स्ट्रक्सन | १९९९७१२३.२४ | ११२१८७०६.१६ | ५६.१ |

२४ **ठेक्का अभिलेखः**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हालसम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, अधुरो योजनाको अवस्था, भेरिएशन लगायतको जानकारी उपलब्ध हुनेमा पालिकाले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाँचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

२५ **सहकारी अनुगमनः**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ९१ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्थाबारे अध्ययन गर्न सकिएन । ९१ मध्ये वटा ६४ निस्कृय र २७ वटा सक्रिय रहेको बताएको छ । ११ वटाले पासवर्ड लिए पनि COPOMIS बाट मासिक रुपमा कुनै सहकारीले पनि विवरण भरेको छैन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ।समस्याग्रस्त सहकारीको अनुगमन गरी हिनामिना भएको देखिए कारवाही प्रक्रिया अघि बढाउनु पर्छ।

२६ **खाना तथा विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष खाना तथा विविधतर्फ रु. २९,५४,५३१।०० खर्च गरेको मध्ये खाना खाजा तर्फ रु.२५,५६,१८६।०० खर्च गरेकोले उक्त रकम आन्तरिक आय रु. ५२७४२८७२।८१ को तुलनामा ५.६० प्रतिशत रहेको छ। विविध खर्च तर्फ खाना खाजा अतिथि सत्कार वाहेक आर्थिक सहयोग, मसलन्द खर्च, सवारी साधन मर्मत, अनुगमन तथामूल्यांकन भ्रमण खर्च लगायत सानातिना खर्च रु.३,९८,३४५।०० समेत समावेश छ । विविध खर्च तर्फ सामान्यतया खाना खाजा तथा अतिथि सत्कार खर्च समावेश गर्ने गरी खर्च लेख्नुपर्दछ । कार्यविधि र मापदण्ड बेगर भएका यस्तो खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ ।

२७ **जिन्सी निरीक्षण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलामी गरी सक्नु पर्ने व्यवस्था छ ।तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गरेपनि प्रतिवेदनमा उल्लेखित लिलामी , मर्मत एवं मिनाह गर्नुपर्नेमा मालसामानको विवरण र प्रमाण उल्लेख भएपनि सम्भार एवं सो कार्य गरेको देखिएन। अतः मर्मत लिलाम बिक्री गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ।

२८ **आय अनुमानः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. १,२३,९०,०००.०० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा रु. १४०७१६८७.८१ अर्थात अनुमान भन्दा १३.५७ प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्ने पहल गर्नुपर्दछ।

२९ **आन्तरिक आयः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च (संघ र प्रदेशबाट प्राप्त) | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ४८५७०७००० | ५२७४२८७२।८१ | १०.८६ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १०.८६ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

३० **राजश्व बाँडफाँडः**

स्थानीय सरकार संचालन ऐन,२०७४ को साबिक दफाको उपदफा १, १(च), ३ र ४ मा ढुङ्गा, गिट्टी र बालुवाको करमा प्रदेश तथा स्थानीय तहहरुको दोहोरो अधिकार रहने, करको दर सम्बन्धित प्रदेशले निर्धारण गरि स्थानीय तहहरुले संकलन गरेर प्रदेश स्तरको कोषमा जम्मा गर्ने व्यवस्था गरि बाँडफाँड हुने व्यवस्था गरेको थियो । तर उक्त दफा सघीय आर्थिक ऐन २०७५ द्धारा खारेज गरि दफा ६२(क) थप गरेर स्थानीय तहहरुले गिट्टी, ढुङ्गा, बालुवा बिक्रि गरि प्राप्त रकम आफ्नो संचित कोषमा जम्मा गर्ने व्यवस्था गरेको छ । यसै सम्बन्धमा बागमती प्रदेश सरकारको प्रदेश आर्थिक ऐन २०८० को दफा ९(४) मा संघीय कानुनसंग बाझिने गरि ढुङ्गा, गिट्टी, बालुवा दहत्तर बहत्तरको शुल्क असुली र बाँडफाँड सम्बन्धि व्यवस्था गरेको छ । बागमती प्रदेश आर्थिक ऐन २०८० को दफा ९(६) बमोजिम स्थानिय विभाज्य कोषमा जम्मा भएको रकम बाडफाड गरी साठी प्रतिशत स्थानीय संचित कोष र चालिस प्रतिशत प्रदेश संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । यसै गरी संघीय मन्त्री परिषदले ढुङ्गा, गिट्टी, बालुवा उत्खन्न, बिक्री तथा व्यवस्थापन सम्बन्धि मापदण्ड,

२०७७ जारी गरि गिट्टी, ढुङ्गा, बालुवा बिक्रि बापतको राजश्व स्थानीयले संकलन गरी प्रदेश र स्थानीय तहबिच क्रमशः ४० र ६० प्रतिशत हुने गरि बाँडफाँड हुने व्यवस्था गरेको छ जुन स्थानीय सरकार संचालन ऐनको दफा ६२ (क) बिपरित देखिन्छ । अन्य प्राकृतिक स्रोतको आय तथा रोयल्टी ढुङ्गा गिट्टी वालुवा दहत्तर वहत्तर शुल्क वापत रु. ५९८७५४६५।४८ मुल्य अभिवृद्धि कर बाहेक संकलन भएकोमा सोको ४० प्रतिशत हुने रु.२३९५०१८६।१९ पठाउनुपर्नेमा रु. २१५५६९२८।५० पठाएकोले रु.२३९३२५७।६९ पठाउन वाँकी देखिन्छ ।

३१ **कर तथा शुल्क असुलीः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल बिरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| क्र.सं. | राजस्व संकेत | आम्दानी शीर्षक | अनुमान | असुली |
|---|---|---|---|---|
| १ | ११३१३ | सम्पती कर | ११,००,०००.०० | १०,६२,२३९.१५ |
| २ | ११३१४ | भुमिकर/मालपोत | ५,००,०००.०० | १५,१३,६५८.३२ |
| ४ | ११३१७ | वहाल कर | २,००,०००.०० | ८,८०,७४८.४५ |
| ५ | ११३१८ | वहाल विटौरी कर | १,००,०००.०० | |
| ६ | ११४५१ | सवारी साधनकर (साना सवारी) | | |
| ७ | ११६११ | व्यवसायले भुक्तानी गर्ने | | ९,९००.०० |
| ८ | ११६९१ | अन्य कर | | ४,९५,२२३.३२ |
| १० | १४२१८ | विद्युत सेवा शुल्क | | |
| ११ | १४२१९ | अन्य सेवाशुल्क तथा बिक्री | १५,००,०००.०० | २१,०६,८९१.०० |
| १२ | १४२२१ | न्यायिक दस्तूर | ५०,०००.०० | २,८००.०० |
| १३ | १४२२४ | परीक्षा शुल्क | | |
| १४ | १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | १०,००,०००.०० | ८,६१,२२०.०० |
| १५ | १४२४२ | नक्सा पास दस्तुर | ३,५०,०००.०० | २१,६८३.०० |
| १६ | १४२४३ | सिफारिश दस्तुर | ३०,००,०००.०० | २७९७९५७.४४ |
| १७ | १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | ६,००,०००.०० | ५,३९,६८०.०० |
| १८ | १४२४५ | नाता प्रमाणित दस्तुर | ६,००,०००.०० | २,२०,४४०.०० |
| १९ | १४२४९ | अन्यदस्तुर | १०,००,०००.०० | ७,१४,७२०.०० |
| २० | १४२५३ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | ५,००,०००.०० | १३,२३,३३६.०० |
| २१ | १४२६२ | विद्युत सम्बन्धी दस्तुर | | |
| २२ | १४२६३ | जलस्रोत सम्बन्धी अन्य दस्तुर | | ६०,०००.०० |
| २३ | १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | | १,७५,९००.०० |
| २४ | १४३१३ | धरौटी सदरस्याहा | | |
| २५ | १४५२९ | अन्य राजस्व | १०,४०,०००.०० | २९,९४५.०० |
| २६ | १४६११ | व्यवसाय कर | ८,५०,०००.०० | ४१,०००.०० |
| २७ | १५१११ | बेरूजू | | १२,०५,९२६.०० |
| जम्मा | | | १,२३,९०,०००.०० | १४०७१६८७.८१ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

३२ **व्यवसाय करः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु. १३,२३,३३६.००कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अभिलेख अद्यावधिक राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

३३ **अमानतमा संकलन र बिक्रीः**

ठेक्काको माध्यमबाट बिड पर्न नआएको र ढिलो ठेक्का बन्दोबस्त हुनु अघि अर्थात आश्विन १ गते देखि नदिजन्य पदार्थ दहत्तरबहत्तरको अमानतबाट उत्तखनन गरी संकलन र बिक्रि गर्नपर्नेमा पालिकाले ३ संकलन केन्द्र दाउन्ने ,कालढुङ्गा र कटुन्जेबेसी संकलनकेन्द्रबाट ५४३१९९११।५० मु अ कर बाहेक बराबरको दहत्तर बहत्तरको आम्दानी असुल गरेकोमा ६०३५५४५।७२ घनफिट उत्तखनन गरी संकलन तथा बिक्रि गरेको देखियो।IEE प्रतिवेदन अनुसार २ वटा खोला र ६ वटा निजि खानीबाट र माटो डस्ट समेत गरी वार्षिक कुल रु.१८१६६७१४।२८ घनफिटको न्युनतम अंक रु १६३५००४२८।५२ मु अ कर बाहेक आम्दानी हुनुपर्नेमा बोलपत्रबाट रु ५५५५५५३।९८ र अमानतबाट रु ५४३१९९११।५० समेत रु. ५९८७५४६५।४८ मु अ कर बाहेक आम्दानी भएकाले रु १०३६२४९६३।०४ घटी आम्दानी भएको पाइयो। ढिलो ठेक्का लगाएको र अमानतबाट संकलन तथा बिक्रि गर्न ढिलो सुरु गरेका कारण ६६.७७ प्रतिशत आम्दानी घटि भएको छ। समयमा ठेक्का व्यवस्थापन गर्ने ठेक्का नलागेमा आश्विन १ देखि नै संकलन केन्द्र तोकि अमानतबाट संकलन तथा बिक्रि शुरु गर्ने सहयोग लिने र निर्माण व्यवसायी र उपभोक्ता समितिले उपयोग गरेकोमा शुल्क असुली गर्ने र चोरी निकासी रोक्न आवश्यक संयन्त्र प्रयोग गरी आम्दानी बढाउन सजगता अपनाउनु पर्दछ।

३४ **आय ठेक्काः**

नदिजन्य पदार्थ (संकलन र उपयोग) सम्बन्धमा व्यवस्था गर्न बनेको कार्यविधि २०७५ (संशोधन २०७७ समेत) को दफा ८ (१) सम्बन्धित स्थानिय तहले आफ्नो क्षेत्र भित्र पर्ने नदिजन्य पदार्थ बिक्रीवितरण गर्न सार्वजनिक सुचना जारी गरि प्रचलित कानुन बमोजिम ठेक्का बन्दोबस्त गरि बिक्री वितरण गर्ने व्यवस्था छ । यस वर्ष म्याकुरे खोलाको IEE प्रतिवेदन अनुसार वार्षिक उत्तखनन गर्न मिल्ने परिमाण २७७२७ घन मिटर र दैनिक उत्तखनन गर्न मिल्ने परिमाण १०२.६७ घन. मी. रहेकोमा कार्यपालिकाको २०८०।७।२३ बाट भ्याकुरे खोलाको रु ५५३०९१७।६६ को ठेक्का बन्दोबस्त गर्ने र ठेक्का नलगाएसम्म अमानतबाट असुल गर्ने निर्णय भएको देखियो। RRM/IR/04/08-81 बाट रु ५५३०९१७।६६ बराबरको प्रथम पटक अनलाइन सुचना प्रकाशन गरेकोमा ३ वटा बिड परेकोमा बढि कबोल गर्ने सि बि कन्सट्रक्सन बनेपा काभ्रेपलान्चोकको कबुल अंक रु ६२७७७७७।१५ मु अ कर समेत स्विकृत भइ ठेक्का लागेकोमा सो बराबर रकम दाखिला भएको देखियो। समयमा ठेक्काको सुचना प्रकाशन नगरी ढिलो गरी सुचना प्रकाशन भएकोले रु ४४२४७३४।१८ ठेक्का बन्दोबस्त गर्ने गरी सुचना आब्हान गरेकोले घटि अर्थात ४४.४४ प्रतिशत ठेक्का बन्दोबस्त गरेकोले आयमा असर परेको देखियो। त्यसै गरी खानीखोला ।माम्तिखोला र नीजि खानी ७ वटाको गाँउ कार्यपालिकाको मिति २०८१।२।१९ को निर्णयमा न्युनतम अंक रु १४१३२२०९५।७५ मु अ कर बाहेकको सुचना आब्हान गरेकोमा बिड नगरी दोस्रो पटक रु १२७१८९८८६।१८ मु अ कर बाहेक सुचना आब्हान गरेकोमा तेस्रो पटक २०८०।४।३० मा रु ११४४७०८९७।५६ मु अ कर बाहेक सुचना आब्हान गरेकोमा बिड पर्न आएको देखिएन। समयमा ठेक्का व्यवस्थापन नगरेकोमा बिड पर्न नआएकोमा सम्बन्धमा राजश्व परामर्श समिति र कार्यपालिकामा सो विषयमा समिक्षा भएको देखिदैन।

३५ **घाटगद्दी र अर्धकट्टीः**

आन्तरिक आय अन्तरगतको ठेक्कामा नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी. ग्रामेल, वालुवा, रोडा , दस्कट, मस्कट, माटो) आदिको उत्खनन, संकलन तथा निकासी कार्य गर्दा उत्खनन गरिएका सामग्रीहरुको संकलन गर्ने र त्यसको नापजाँच गरी परिमाण एकिन गरी निकासी, गर्न दिनुपर्नेमा यस वर्ष भ्याकुरे खोलाको बगर क्षेत्रमा ५४३८४६।३८ घनफिटको न्युनतम अंक रु ५५३०९१७।६६ को ठेक्का आब्हान भइ व्यवसायी सि बि कन्सट्रक्सन बनेपा काभ्रेपलान्चोकको कबोल अंक रु ६२७७७७७।१५ को ठेक्का बन्दोबस्त भएको र अमानतबाट ३ वटा संकलन केन्द्रको ६०३५५४५।७२ घनफिटको रु ६१३८१५००।०० मा संकलन गरी बिक्री गरेकोमा घाटगद्दी गरेको देखिएन। प्रति टिपका दरले अमानतबाट रकम असुल गरेकोमा एक टिपमा कति परिमाण हो नखुलाएको र निर्माण व्यवसायीले केही अर्धकट्टि

पिर्ता नगरेको र केही गरेकोमा समेत रकम उल्लेख गरी परिमाण उल्लेख नगरेकोले संकलन एवम बिक्री भएको परीमाण परीक्षण भिडान गरेको पाइएन । अतः घाटगद्दी गरी नापजाँच पश्चात विक्री गर्ने र अर्धकट्टी फिर्ता लिई परीक्षण र भिडान गर्नुपर्दछ ।

३६ **सफ्टवेयर खरिद** (३८१-२०८१-३-१३):

नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । पालिकाले योजना व्यवस्थापन तथा सूचना प्रणाली सम्बन्धी अभिलेख तथा कारोबारहरुलाई विद्युतीय प्रणालीमा आवद्ध गर्ने सम्बन्धि जिओसफ्ट टेक्नोलोजी प्रा लिबाट खरिद गरी रु. ४९५५०५।०० खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ।

३७ **परामर्स तथा डीपीआर खर्च**

बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| सि नं | आर्थिक वर्ष | कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत |
|---|---|---|---|---|---|---|
| १ | | चिया पकेट क्षेत्र | Sugi Consultantt | १४३५२८२.३८ | १४३०५८० | २६३१५१०९.३२ |
| २ | २०८०/८१ | भ्याकुरे खोला IEE | आएसोटेक्ट ईन्जिनियरिङ्ग कन्सल्टेन्टस् प्रा. लि. | | ४८८१६० | |
| ३ | | भष्मे खोला IEE | बेश एण्ड ब्रिक इन्जिनियरिङ्गकन्सल्टेन्ट प्रा.लि. | | ३००१०९ | |
| ४ | | कुण्ड चौर पर्यटकीय क्षेत्र निर्माण | टपअप इन्जिनियरीङ्ग सोलुसन्स प्रा. लि. | ४८९६४०.१६ | ४८१६८७ | १३५७८७५११.३ |
| ५ | | गैरी गाउँ कुलो तथा सिचाई | गुरो इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा. लि. | ४८०१०२.५१ | २९९६६२ | १८७६३४२.८५ |
| ६ | | पालिकास्तरीय खानेपानी तथा सरसफाई योजना (WASH PLAN) तयारी कार्य | सिटिजन डेभलपमेन्ट सोलुसन्स प्रा.लि | १९९६८१०.५७ | १९७९७६० | |
| | | जम्मा | | | ४९७९९५८ | |
| ७ | | कालढुंगा गोमते भञ्ज्याङ हायुटोल सडक | नोभा इन्जिनियरिङ्ग डेभलप्मेण्ट प्रा.लि. | | ४,८१,३८०/- | |
| ८ | | घट्टेखोला देखि गाडी मोटरबाटो | शुलभ इन्जिनियरङ्ग एण्ड कस्न्ट्रसन | | २,९५,८३४/- | |
| ९ | | सन्जीवन लेखपानी रोडा रोशी गा.पा | सुगी कन्सल्टेनर प्रा.लि. | | २,६०,३५२/- | |
| १० | | भतेरेडाँडा बुन्टेओखर बतासेडाँडा घ्याङसिङ खोला सडक | वाजु विल्डर्स प्रा.लि | | ४,५७,६५०/- | |
| ११ | | लैगिंक हिसां विरुद्धको कार्यक्रम | हेल्दी नेपाल | | ८,००,०००/- | |
| १२ | | युवाहरुको क्षमता अभिवृद्धि कार्यक्रम | दिगोविकास नागरिक मञ्च | | ४,००,०००/- | |
| १३ | | रातामाटा हर्कपुर सडक | ब्राइट इन्जिनियरिङ एण्ड कन्सट्रक्सन प्रा.लि. | | ४,०२,५०६/- | |
| १४ | | भू उपयोग नीति | छिन्नमस्ता कशिम लालिगुराँ जेभी | | ५,००,३०७/- | |
| १५ | | रोजगार कार्यक्रम/तालिम | रोशी ह्यान्डि क्राफ्ट | | ५,००,०००/- | |
| १६ | | नार्के किर्दास तल्लो खार्पाचोक खार्पाचोक सडक डी पि आर | रिजिड ईन्जिनियरिङप्रा.लि. | | २,९१,०८८/- | |
| १७ | | मंगलटार वेलडाँडा रेम्पोर्छे माने डी पी आर | परियोजना डिजाईन एण्ड कन्स्ट्रक्सन प्रा.लि. | | ३,९५,५००/- | |
| १८ | | गुम्वा /स्मार्कको अध्ययन – स्पादोपारि गुम्वा तथा घैयावारी | ड्रिम हाउस इन्जिनियरिङ्ग सवलुसन प्रा.लि. | | ४,३४,०००/- | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | धार्मिक पर्याटकीय स्मारिकाको डी पी आर | | | | |
| १९ | | खेलग्राम को डी पीआर | ग्याल्बो इन्जिनियरिङ्ग | | ४,९०,९८५ | |
| २० | | Landslide Mapping of Roshi Rural Municipality ward 5-12 DPR | ए.एस. कन्सल्ट प्रा.लि. | | ४,९९,०००/- | |
| २१ | | विभिन्न सडक डी पी आर | परियोजना डिजाईन एण्ड कन्स्ट्रक्सन प्रा.लि | | १४,६३,०१९/- | |
| २२ | | पूर्वाधार तथा आर्थिक विकास गुरुयोजना | जुरो इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि | | ९,५२,५०५/- | |
| | | जम्मा | | | ७८,२४,१२६/- | |
| २३ | २०७८/७९ | | स्मार्ट ईन्जीनियरीङ्ग कन्सल्टेन्ट प्रा.ली | | ४८५९०० | |
| २४ | | सामाजिक परीक्षण | बिकाशका लागी सहकार्य नेपाल | | ३००००० | |
| २५ | | उपभोक्ता सअनुशिक्षण | ग्लोबल युटीलीटी रिसर्च युनिट प्रा ली | | ४७२२९४ | |
| | | जम्मा | | | १२५८१९४ | |
| | | कुल जम्मा | | | १४०६२२७८ | |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । कार्यालय जनशक्तिले गर्न नसक्ने भएमा प्याकेजिङ्ग गरी प्रतिस्प्रधात्मक तरिकाले बोलपत्रमार्फत खरिद गर्ने र डी पी आर प्रतिवेदन पाम्समा आम्दानी बाधेको समेत देखिदैन भने केहि प्रतिवेदन कार्यान्वियन समेत भएको छैन। अतः परामर्श सेवा प्रतिस्पर्धात्मक रुपले खरिद गरी पाम्समा दाखिला गर्नुपर्ने र प्रतिवेदनहरु कार्यान्वयनमा समेत लैजानुपर्दछ ।

३८ **प्राविधिक बिल र कार्य सम्पन्नः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित केहि योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको तथा केहिमा घटी कार्य भई तोकिएको कार्यसम्पन्न भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा नापी मिति, कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित नहुने र घटL खर्च गराउन पर्नाको प्राविधिक कारण र पुष्टाई खुलाउनुपर्छ।

३९ **पेश्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्योँट नभई गत विगत आर्थिक वर्षको म्याद नाघेको रु.१३,८३,६००।०० यस आर्थिक वर्षको म्याद नाघेको

रु.२८,६८,६००।०० समेत रु.४२,५२,२००.०० बाँकी रहेको देखिन्छ । सो मध्ये चालु आर्थिक वर्षको निम्नानुसारको म्याद नाघेको पेश्की रु.२८,६८,६००.०० फस्यौट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फस्यौट गर्नुपर्ने रु...

| सि नं | पेश्की विवरण | पेश्की लिने व्यक्ति, फर्म | चालु आ व को | गत वर्षको पेश्की |
|---|---|---|---|---|
| | कर्मचारी पदाधिकारी पेश्की | | म्याद नाघेको पेश्की | म्याद ननाघेको पेश्की |
| १ | जेष्ठ नागरिक भ्रमण कार्यक्रम | सहायक पाँचौ मधुसुदन पन्थी | २,४०,०००.०० | |
| २ | अनुगमन, मूल्यांकन खर्च | सहायक पाँच राम ब. लामा | ८,००,०००.०० | |
| ३ | अनुगमन, मूल्यांकन खर्च | सहायक पाँचौ राम ब. लामा | ८,००,०००.०० | |
| | पशुको परजिवी तथा चर्म रोग नियन्त्रण (नाम्ले / जुक्का/किर्ना आदी | अधिकृत छैठौ रघुनी साह सुडी | ५०,०००.०० | |
| ४ | अगुवा कृषक भ्रमण कार्यक्रम | अधिकृत छैठौ रघुनी साह सुडी | ३,५०,०००.०० | |
| ५ | निशुल्क आयुर्बेद स्वास्थ्य शिविर | सहायक पाँचौ रौशन राय | ६०,०००.०० | |
| | ठेक्केदार पेश्की | | | |
| ७ | निर्मित भवनको संरचनात्मक सुधारखर्च | कौशिल बस्नेत । कामख्य । भगवती जे.भी. | | ९,८८,१००.०० |
| | संस्थागत पेश्की | | | |
| ८ | माम्ति खानेपानी | माम्ती खानेपानी उपभोक्ता समिति | १,३५,८००.०० | |
| ९ | भिमसेन मन्दिर साँझकोट | भिमसेन मन्दिर साँझकोट उपभोक्ता समिति | १,४५,५००.०० | |
| १० | चरिनङ्ग्रे सडक निर्माण | चरिनङ्ग्रे सडक निर्माण उपभोक्ता समिति | ८७,३००.०० | |
| १७ | एकिकृत सिखर महिला बचत तथा ऋणसहकारी संस्था | एकिकृत सिखर महिला बचत तथा ऋण सहकारी संस्था | | १,००,०००.०० |
| १८ | देवि मा. वि भवन | देवि मा. वि भवन | | १,४५,५००.०० |
| २० | कार्यक्रम खर्च | सेलो फाउण्डेशन | | १,५०,०००.०० |
| २१ | पशु क्वारेन्टाईन व्यवस्थापन | यूनाईटेड अजोडा लि. | २,००,०००.०० | ०. |
| जम्मा | | | २८,६८,६००.०० | १३,८३,६०० |

( ✂ ….. कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-७** को निर्णयले रू **७२०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ….. कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-८** को निर्णयले रू **२१६,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ….. कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-८** को निर्णयले रू **३१६,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-७** को निर्णयले रू **२४४,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-७** को निर्णयले रू **६५३,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-७** को निर्णयले रू **४५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-७** को निर्णयले रू **१२०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-७** को निर्णयले रू **२३२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| पेश्की | २८,६८,६०० |

४० **म्याद थप**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद संझौता बमोजिमको काम संझौताको अवधिभित्र पूरा गर्न नसकेमा निर्माण व्यवसायीले सम्बन्धित सार्वजनिक निकायमा निवेदन दिनुपर्ने र कार्यालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी गराई कारण उचित लागेमा म्याद थप गर्न सक्ने प्रावधान छ । म्याद थप गर्नुअघि सम्बन्धित निर्माण व्यवसायीले समयमा नै काम सम्पन्न गर्न भर मग्दुर प्रयास गरे नगरेको, काबुबाहिरको परिस्थिति भए नभएको, कार्यालयले उपलब्ध गराउनु पर्ने कुराहरु उपलब्ध गराए नगराएको जस्ता कुराहरुको विश्लेषण गरेर मात्र खरिद संझौताको म्याद थप गर्नुपर्ने कुरा पनि सोही नियममा उल्लेख छ । कार्यालयले म्याद थप गर्नु अगाडि यी कुराहरुको बारेमा विश्लेषण गरी एक पटक म्याद थप गरेपछि पटक पटक एउटै कारण देखाई म्याद थप गर्ने गरेको देखियो । निर्माण व्यवसायीले म्याद थपको निवेदन दिँदा थपिएको समयमा काम सम्पन्न गर्न सक्ने उल्लेख गरेको अवस्थामा पनि पुन: सोही व्यहोरा दोहोरिने गरेको छ । तर निर्माण व्यवसायीले काममा कुनै प्रगति नगरेको अवस्थामा पनि नियम १२१ अनुसार पूर्व निर्धारित क्षतिपूर्ति नलिई म्याद थप गर्नाले निर्माण व्यवसायीले काम सम्पन्न गर्न चासो दिने गरेको देखिएन । तसर्थ कार्यालयले संझौता अनुसारको काम समयमा नै सम्पन्न गर्न निर्माण व्यवसायीलाई जिम्मेवार बनाउनु पर्ने देखिन्छ ।

४१ **ज्योती मार्ग सडक स्तरोन्नती**

ज्योती मार्ग सडक स्तरोन्नती कार्य वापत ठेक्का न RRM/UJM/W/NCB/01/2079-80 लागत अनुमान रु ४९१२०७५।९३ को सुचना आव्हान गरेकोमा निर्माण व्यवसायी श्री ग्राविटी कन्सट्रक्सन एण्ड इन्जिनियरिङ प्रा ली काठमाण्डौसंग रु २९९२९०२।४९ मिति २०८०।२।३० मा कार्य सम्पन्नगर्ने गरी मिति २०७९।११।१७ मा सम्झौता भएकोमा देखिएका व्यहोरा देहाय अनुसार छन्।

४१.१ ( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-७** को निर्णयले रू **७४०,९००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

४१.२ **अधुरो ठेक्काः** सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९ र ६३ मा ठेक्का सम्झौता बमोजिम काम नगरी विचैमा छोडेमा वा कामको प्रगति नगरेमा पूर्व निर्धारित क्षतिपुर्ति लागउने, जमानत जफत गर्ने, ठेक्का तोड्ने , कालो सूचिमा राख्ने लगायतका व्यवस्था छ। निर्माण व्यवसायीसंग २०८०।२।३० मा सम्पन्न गर्ने खरीद सम्झौता भएकोमा दोस्रो रनिङ विल सम्म रु १३४५८२३।०० भुक्तानी भएकोले वित्तिय प्रगती ४४.९७ प्रतिशत भएको देखिन्छ।निर्माण व्यवसायीले २०८०।२।३० सम्म निर्माण कार्य सम्पन्न नगरेकोमा अवधि थपका लागि निवेदन दिएको देखिएन। पालिकाले मिति २०८१।३।२२ मा प्राविधिकले निर्माण कार्य बागमती प्रदेश सशर्त अनुदान रकम प्राप्त नहुने हुदा पालिकाले थप बजेट व्यवस्था गरी कार्य सम्पन्न गराउने वा कार्य सम्झौतामा उल्लेख भए बमोजिम कारवाही अघि बढाउन

टिप्पणी पेश गरेकोमा कार्यालय प्रमुखले मिति २०८०।३।२४ मा बिल अनुसारको भुक्तानी गरी अन्य थप प्रकिया नियम अनुसार अघि बढाउने गरी निर्णय गरे पनि थप प्रक्रिया अपनाइ ठेक्का फरफराक गरेको देखिएन।निर्माण कार्य अलपत्र पारेको अवस्थामा कार्यालय प्रमुखले अन्य थप प्रक्रिया अगाडि बढाउने निर्णय गरेपनि सो अगावै भुक्तानी दिने व्यवस्था उचित देखिएन। अतः बजेट विनियोजन गरी निर्माण कार्य सम्पन्न गर्नुपर्ने अन्यथा लागत अनुमान अनुसार रु ४९१२०७५।९३ को कार्य गर्नुपर्नेमा रु १३४५८२३।०० को कार्य भएकाले रु ३५६६२५२।९३ घटी कार्य भएका हुदा सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९ र खरिद सम्झौता वमोजिमको प्रक्रिया अपनाइ ठेक्का फरफारक गर्नुपर्दछ ।

४२ **प्रदेश समपुरक अनुदान फिर्ता नगरेकोः** (१७, ३५२ र २८-):

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-७** को निर्णयले रू **७४०,६४५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

४३ **संघीय समपुरक अनुदानः**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-७** को निर्णयले रू **१,१३८,१५९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

४४ **बढी भुक्तानीः**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-७** को निर्णयले रू **२०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४५ **क्षति मुल्याङ्कन नभएको :**

सार्वजनिक अरिद नियमावली २०६४ को नियम ११२ (१) (घ) बमोजिम निर्माण व्यवसायीलाई निर्माणस्थल सुम्पिएको मिति देखि हस्तान्तरण प्रमाणपत्र जारी गरिने मिति सम्म निर्माण कार्यको कुनै खण्ड वा अंशमा उप नियम (२) मा उल्लेख भएको कारण बाहेक अन्य जुनसुकै कारणबाट हुने सबै हानी नोक्सानी र उपनियम (२) मा उल्लेख भएको कारण बाहेक अन्य जुन सुकै कारणबाट त्रुटि सच्चाउने दायित्वको अवधि प्रराम्भ हुने भन्दा अगाडिको अवधिसम्म उत्पन्न भएको कुनै कारणबाट त्रुटि सच्चाउने अवधिमा भएको कुनै हानी नोक्सानीमा निर्माण व्यवसायीको दायित्व हुने उल्लेख छ। खरिद सम्झौताको शर्तमा रहेर त्रुटि सच्चाउने अवधि ३६५ दिन हुने उल्लेख छ।मिति २०८१ आश्विन १०, ११ र १२ गते परेको अविरल वर्षाका कारण बाढि पहिरोले पुर्वाधार संरचनाका केहि अंश भासिएको, पुरिएको तथा भत्किएकोमा तत्काल अवरुद्ध सडक खुलाउने कार्य गरिएता पनि क्षति नोक्सानीको त्रुटि सच्चाउने अवधि बाँकी रहेका योजनाको क्षति मूल्याङ्कन गरी निर्माण व्यवसायीलाई त्रुटि सच्चाउन केहिलाई पत्राचार भएपनि सबै निर्माण व्यवसायीलाइ भएङ्गो देखिदैन।, निर्माण व्यवसायीले क्षति विवरण माग गरी विमा कम्पनीमा दावी गरेको देखिने प्रमाण कागजात लेखापरीक्षणमा पेश भएन । त्यसै गरी पालिकाले त्रुटि सच्चाउने अवधिमा रहेका योजनाको अभिलेख राखि योजनाको अवस्था खुल्ने गरी विवरण तयार गरेको समेत देखिदैन। त्यस्तै गरी त्रुटि सच्चाउने अवधि सम्पन्न भएका योजनाको क्षति एवं अन्य पूर्वाधार संरचनामा भएको क्षतिको मुल्याङ्कन केहि योजनाको गरे पनि सबै योजनाको क्षति यकिन समेत गरेको देखिएन।अत क्षतिको मुल्याङ्कन गरी अभिलेख अध्यावधिक हुनुपर्ने र त्रुटि सच्चाउने अवधि बाँकी रहेका योजनाको हकमा निर्माण व्यवसायीलाई पत्राचार गरि विमा कम्पनीमा दावी पेश गर्न लगाउनु पर्दछ। साथै उक्त वाढी पहिरोका कारण निर्माण कार्य भत्काएको एवं वगाएको मध्ये केहि योजनाको विवरण देहाय अनुसार छन ।

| सि नं | कामको विवरण | सम्झौता रकम | भूक्तानी रकम | सम्पन्न हुनुपर्ने मिति | सम्पन्न भएको मिति |
|---|---|---|---|---|---|
| १ | मंगलटार लिफ्टिङ सिचाईको ट्याङ्की | पालिकाबाट बजेट विनियोजन नभएको | | | |
| २ | डम्फु पार्क | २२५९६३७८.४५ | १९०७२६१५.८७ | २०८०।०३।१५ | २०८०।०३।१५ |
| ३ | १० शैया अस्पताल | ६०५८६०४३.१९ | ४४८५९१०७.८४ | २०८१।०९।२९ | २०८१।९।२९ मा सम्पन्न हुनुपर्ने |
| ४ | औधोगिकग्रमको शितभण्डार भवन | १७७५७८३.९७ | १६३२५७२.६७ | २०८१।०३।०५ | २०८१।०३।०५ |
| ५ | शनिखोला लिफ्टिङ्ग खानेपानी | ६०२९५४१.२३ | ४९७७२०३ | २०८०।०२।३० | २०८०।०२।३० |

**रोसी गाउँपालिकाको १० शैया अस्पताल भवन विपद अघि र विपद पछि**





## ४६ निजि शिक्षकको तलब

४६.१ शिक्षा नियमावली २०५९ को अनुसुचि ३ को (ठ) बमोजिम प्रतिकक्षा विद्यार्थी सङ्ख्या हिमाली क्षेत्रमा ४०, पहाडी क्षेत्रमा ४५ र तराइ क्षेत्रमा ५० हुनुपर्ने उल्लेख छ। दरवन्दी बमोजिम सामुदायिक विद्यालयहरु पदपूर्ति नभई नियमित पठनपाठनमा असर पर्ने अवस्था सृजना भएमा आन्तरिक श्रोतबाट करारमा शिक्षक राख्न सकिनेमा निम्न विद्यालयहरुमा दरवन्दी बमोजिम पदपुर्ती तथा न्यून विद्यार्थी रहेको अवस्थामा समेत करारमा शिक्षक राखि रु.३९०३४४१।०० खर्च गरेकोले तोकेकेको मापदण्ड भन्दा घटी विद्यार्थी भएको विद्यालयमा करार शिक्षक नियुक्ती गरेकोले विद्यालय मर्ज तथा कक्षा घटाउने गरी व्यवस्थापन गर्नुपर्दछ ।

| क्र.सं. | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपूर्ति | विद्यार्थी संख्या | शिक्षक विद्यार्थी अनुपात | गाउँपालिका अनुदान शिक्षक संख्या | अनुदान रकम |
|---|---|---|---|---|---|---|---|
| १ | रंगिन नेपाल प्रा वि | ० | ० | १९ | | १ | ४३७७२६ |
| २ | हिमालय मा वि चिलाउने | १२ | १२ | ३१३ | २६ | १ | ५८८७७५ |
| ३ | कालिदेवि आ वि पिन्डाँडा | ५ | ५ | ६३ | १३ | १ | ४६१४९० |
| ४ | इन्द्रोदय आ वि घिसिङटोल | ५ | ५ | ५८ | १२ | १ | ४६१४९० |
| ५ | भिमेश्वर मा वि मस्तीबेसी | ७ | ७ | १२० | १७ | १ | ३८७३९९ |
| ६ | जुगेश्वर मा वि जुकेपानी | ७ | ७ | २११ | ३० | १ | ४६१४९० |
| ७ | पोक्रा मा वि भदौरे | १२ | १२ | ३३० | २८ | १ | ६४३५८१ |
| ८ | कृष्ण आ वि मेर्पा | ५ | ५ | ९२ | १८ | १ | ४६१४९० |
| **जम्मा** | | | | | | | **३९०३४४१** |

४६.२ **समानीकरण अनुदानबाट खर्चः** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०८० का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । त्यस्तै संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं.२०७७।७८, च.नं.५६३ मिति २०७८।३।३० को वित्तिय समानिकरण अनुदान प्रयोग सम्वन्धमा भएको परिपत्र तथा अर्थ मन्त्रालयको प.सं.२०७७।७८, च.नं.१२१ मिति २०७८।३।२७ मा गरेको परिपत्र अनुसार अर्थ मन्त्रालयको २०७८।३।२५ को निर्णयले वित्तीय सामानिकरण अनुदानको रकमबाट करार सेवामा मासिक पारिश्रमिक भूक्तानी गर्ने जस्तो प्रशासनिक खर्च गर्न नमिल्ने उल्लेख छ । तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट तलब भत्ता भुक्तानी, बाल विकास सहजकर्ता तथा विद्यालय कर्मचारीलाई पारिश्रमिक रु.१५४४११२०।०० निकासा गरेकोले नियम सम्मत नदेखिएको रु..

| क्र.सं. | कार्यक्रम/आयोजना/क्रियाकलापकोनाम | स्रोत | विनियोजन | खर्च |
|---|---|---|---|---|
| १ | शिक्षकबालविकास, विद्यालय कर्मचारी लगायतको तलब तथा भत्ता | नेपालसरकार - समानिकरण अनुदान | १००००००० | १००००००० |
| २ | शिक्षकबालविकास, विद्यालय कर्मचारी लगायतको तलब तथा भत्ता | बागमती प्रदेश - समानिकरण अनुदान | २०००००० | २०००००० |
| ५ | भुमेस्थानमा.वि. व्यवस्थापन (शिक्षक) | नेपालसरकार - समानिकरण अनुदान | १५००००. | १५००००. |
| ६ | ज्वालादेविप्रा. वि. व्यबस्थापन (शिक्षक) | नेपालसरकार - समानिकरण अनुदान | १०००००. | १०००००. |
| ७ | ठाकुरस्थान आ.वि. शिक्षक अनुदान | नेपालसरकार - समानिकरण अनुदान | १५००००. | १५००००. |
| ८ | हरिसिद्धिमा.वि. शिक्षक अनुदान | नेपालसरकार - समानिकरण अनुदान | ३०००००. | २५००००. |
| ९ | गणेश मा विकक्षा ११ र १२ शिक्षक अनुदान | नेपालसरकार - समानिकरण अनुदान | ६०००००. | ६०००००. |
| १० | रङ्गिननेपाल व्यबस्थापन (शिक्षक) | नेपालसरकार - समानिकरण अनुदान | १०००००. | १०००००. |
| ११ | चम्पादेवीआ.वि. शिक्षक अनुदान | नेपालसरकार - समानिकरण अनुदान | १५००००. | १५००००. |
| १२ | हिमालय मा.वि. शिक्षक अनुदान | नेपालसरकार - समानिकरण अनुदान | १५००००. | १५००००. |
| १३ | भुमेस्थानप्रा.वि. शिक्षक अनुदान | नेपालसरकार - समानिकरण अनुदान | १८००००. | १८००००. |
| १४ | नागदेविमा. वि. व्यबस्थापन (शिक्षक) | नेपालसरकार - समानिकरण अनुदान | १०००००. | ० |
| १५ | चेतना मावि शिक्षक अनुदान | नेपालसरकार - समानिकरण अनुदान | १५००००. | १५००००. |
| १६ | अमरनाथप्रा.वि. (शिक्षक) व्यवस्थापन | नेपालसरकार - समानिकरण अनुदान | २०००००. | २०००००. |
| १७ | थानापति प्रा. वि. व्यबस्थापन (शिक्षक) | नेपालसरकार - समानिकरण अनुदान | १०००००. | ९६,६२४.०० |
| १८ | बिन्ध्यवासिनीआ वि शिक्षक अनुदान तथा ब्यवस्थापन | नेपालसरकार - समानिकरण अनुदान | ३५००००. | ३४३९९६. |
| १९ | श्रीसरस्वती प्रा. वि. मा कम्प्युटर शिक्षक अनुदान | नेपालसरकार - समानिकरण अनुदान | १५००००. | १५००००. |
| २० | हरिसिद्धिमा वि शिक्षक अनुदान | नेपालसरकार - समानिकरण अनुदान | ३०००००. | ३०००००. |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| २१ | जोगेश्वरमा. वि. व्यबस्थापन (शिक्षक) | नेपालसरकार - समानिकरण अनुदान | २२५०००. | २२५०००. |
| २२ | काली देवीआ.वि. व्यवस्थापन (शिक्षक) | नेपालसरकार - समानिकरण अनुदान | १५००००. | १४५५००. |
| कुल जम्मा | | | १५६०५००० | १५४४११२० |

| | |
|---|---|
| अनियमित भएको | १,५४,४१,१२० |

४७ **स्यानिटरी प्याडः**

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु १५४९ जना रहेका छन। पालिकाले आर्थिक वर्ष २०८०।८१ मा स्यानिटरी प्याड २२१२८ थान रु १६९५३१४.५९ मा खरिद गरेकोमा गुणस्तर परीक्षण गरेको पाइएन। गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गरि वितरण गर्नुपर्नेमा १२१२८ थान मौज्दात रहेकोले बढी परिमाण मौज्जात रहदा गुणस्तरमा ह्रास आउने भएकाले विद्यालयमा आवाश्यक्ताका आधारमा अविलम्व वितरण गर्नुपर्ने र सुरक्षित रुपमा भण्डारण गर्नुपर्दछ।

४८ **छात्रवृति अनुदानः** (२८-२०८०-६-१७):

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-७** को निर्णयले रू **१००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

४९ **शिक्षक विद्यार्थी अनुपातः**

शिक्षा नियमावली २०५९ को नियम ४ बमोजिम विद्यालय खोल्नको लागि सामुदायिक विद्यालयमा अनुसुचि ३ बमोजिमको पुर्वाधार हुनुपर्ने व्यवस्था छ।अनुसुचि ३ को (ठ) बमोजिम प्रतिकक्षा विद्यार्थी सङ्ख्या हिमाली क्षेत्रमा ४०, पहाडी क्षेत्रमा ४५ र तराइ क्षेत्रमा ५० हुनुपर्ने उल्लेख छ।

पालिकाले उपलब्ध गराएको विवरण अनुसार जम्मा ६९ वटा विद्यालयमा शिक्षक दरबन्दी ३१० रहेकोमा विद्यार्थी संख्या ५८६२ रहेको देखिन्छ भने पालिकाको शिक्षक विद्यार्थी औषत अनुपात १:१९ रहेको देखिन्छ । विद्यालय मर्ज गर्ने र भौगोलिक विकटताले नमिल्ने स्थानमा कक्षा घटाई शिक्षक व्यवस्थापन गर्नुपर्दछ । विद्यालयमा शिक्षक विद्यार्थी अनुपात देहायबमोजिम रहेको छ।

**(विस्तृत विवरण बेरूजु दफा ४९ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

५० **शिक्षण सामग्रीः**

बार्षिक कार्यक्रम अनुसार खरिद भएको सामान सोहि अवधिमा खरिद गरि संचालनमा ल्याउनुपर्दछ । पालिकाले प्रदेश सरकारको साझेदारीमा अनिवार्य तथा निःशुल्क शिक्षा लागु स्थानीयतह घोषणा कार्यक्रममा विभिन्न शिर्षकमा बजेट विनियोजन भएकोमा उक्त कार्यक्रम संचालन गर्न निम्नानुसार वर्षान्तमा सामान खरिद गरेको छ । तालिम प्रयोजनको लागि भनि खरिद भएको सामान लेखापरीक्षण अवधि (मंसिर मसान्त) सम्म पनि भण्डारमा शाखामा रहेको देखियो । कार्यक्रमका लागि सामान खरिद गर्दा सप्लायर्सले दिएको सामानको वारेन्टी प्रयोग नभई समाप्त हुने अवस्था रहेको देखिएकोले सामान खरिद गरि मौज्दात राख्ने कार्य नियन्त्रण हुनुपर्ने र खरिद सामान वितरण एंव प्रयोग भएको प्रमाण सहित प्रतिवेदन तयार गर्नुपर्दछ ।

| सि नं | भौ नं | | सप्लायर्स | रकम |
|---|---|---|---|---|
| १ | ९।०८१।३।२३ | शैक्षिक सामग्री खरिद | लर्न्स फ्रयाण्ड शैक्षिक सामग्री | ४१८३२६ |
| २ | ७।०८१।३।२३ | खेल सामग्री | माताद्वी सप्लायर्स | ९४९९९० |
| ३ | ८।०८१।३।२३ | ट्याकसुट र व्याग | एबिटी लाइफ साइन्स प्रा लि | ४९७२०० |
| | | जम्मा | | १८६५५१६ |

५१ **शिक्षक दरवन्दी र पदपूर्तिः**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

| क्र.सं. | विद्यालयको संख्या | शिक्षक दरबन्दी | पदपूर्ति मध्ये स्थायी | पदपूर्ति मध्ये करार | राहात | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|---|
| १ | ६९ | ३१० | १५१ | ४० | ११९ | ५८६२ |

पालिकाको शिक्षक विद्यार्थी औषत अनुपात १:१९रहेको देखिन्छ। अतः शिक्षक विद्यार्थी अनुपात मिलाउन विद्यालय मर्ज गर्ने र भौगोलिक कठिनाइले सम्भव नभएकोमा कक्षा संख्या घटाइ शिक्षक व्यवस्थापन गर्नुपर्दछ ।

५२ **समानीकरण अनुदानबाट चालु खर्च**

संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं.२०७७।७८, च.नं.५६३ मिति २०७८।३।३० को वित्तिय समानिकरण अनुदान प्रयोग सम्वन्धमा भएको परिपत्र तथा अर्थ मन्त्रालयको प.सं.२०७७।७८, च.नं.१२१ मिति २०७८।३।२७ को परिपत्र अनुसार अर्थ मन्त्रालयको २०७८।३।२५ को निर्णयले वित्तीय सामानिकरण अनुदानको रकमबाट करार सेवामा मासिक पारिश्रमिक भूक्तानी गर्ने जस्तो प्रशासनिक खर्च गर्न नमिल्ने उल्लेख छ । तर पालिकाले निम्नानुसारको वित्तीय समानीकरण अनुदानबाट रु. ८७२०८१५।०० चालु प्रकृतीको खर्च गरेको उपभुक्त देखिएन ।

**(विस्तृत विवरण बेरूजु दफा ५२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

५३ **सामाजिक सुरक्षा कार्यक्रमः**

सामाजिक सुरक्षा कार्यक्रमः सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०६६ को बुदा १५ (२) बमोजिम सामाजिक सुरक्षा भत्ता वापतको रकम बैंक मार्फत खातामा जम्मा गर्नुपर्ने व्यवस्था छ । सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रम अन्तर्गत लाभग्राहीलाई बैंक मार्फत भत्ता वितरण गरेको अवस्थामा लाभग्राही आफ्नो अनुकुल बैंकबाट रकम झिक्न मिल्नेमा पालिकाले बैंक तथा सामाजिक सुरक्षाको संयुक्त टोलीले लाभग्राहीलाई हात हातै भत्ता वितरण गर्न सामाजिक सुरक्षा कार्यक्रम व्यवस्थापन कार्यक्रमबाट वितरण कार्यमा संलग्न टोलिको खाजा, भ्रमण खर्च र गाडी भाडा वापत रु.४८८२८०।०० खर्च गरेको छ । बैंक मार्फत भत्ता भुक्तानी गर्दा लाभग्राहीले आफ्नो समयानुकुल खाताबाट रकम झिक्न सकिनेमा पालिकाले घरदैलो कार्यक्रम संचालन गरी भत्ता भुक्तानीमा गरेको खर्च थप व्ययभार परेको देखिन्छ ।

५४ **ज्यालादारी जनशक्तीः** (८६-२०८०-६-२९):

सामुदायिक विद्यालय शैक्षिक सुधार कार्यक्रम अन्तरगत श्री भिम प्रसाद भट्टराईलाई दैनिक ज्यालादारी काम गर्ने गरी मिति २०८०।४।१ गते देखि २०८१।३।३१ सम्म दैनिक रु.११४४।०० का दरले ज्यालादारीमा कार्य गर्न गरी सम्झौता गरेकोमा निजले गर्ने कार्य स्पष्ट उल्लेख नगरी कार्यालयमा रहि कामकाज गर्ने सम्झौतामा उल्लेख गरेको छ । ज्यालादारीमा कर्मचारी राख्दा स्पष्ट कार्यविवरण तोकी सोको कार्यप्रगति मासिक वा तोकेको अवधिमा बुझाए पश्चात पारिक्षमिक भुक्तानी गर्ने व्यवस्था गर्नुपर्नेमा कार्यप्रगती नबुझाएको साथै सार्वजनिक विदाको दिनमा समेत ज्याला भुक्तानी गरेकोमा निजले गरेको काम विवरण तथा डोर हाजिरी पेश नगरेकोले कार्यालयमा

कामकाज गर्ने कर्मचारीको पूर्व स्वीकृत डोर हाजिरी दिई हाजिर गर्न लगाउने तथा कार्यालयमा कामकाज गर्ने समयमा कार्यालयमा हाजिरसमेत गर्ने गरी कार्य गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

५५ **टुक्रा पारी सोझै खरिद**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ उपनियम १ मा सार्वजनिक निकायले बीस लाख रुपैया भन्दा बढि लागत अनुमान भएको निर्माण कार्य वा जुनसुकै सेवा खरिद गर्नुपर्दा खुला बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ। गाउँपालिकाले यस वर्ष शीत भण्डार निर्माणका लागी विनियोजित रकमबाट बोलपत्रको माध्यमबाट निर्माण नगरी ३ वटा कोटेशन मार्फत टुक्रा पारी सोझै खरिद गरेको देखियो । उक्त शीत भन्डार २०८१ आश्विन १०,११ र १२ गते आएको अविरल बर्षाका कारण भत्काई बगाएको जनाएको छ । टुक्रा पारी खरिद कार्य गरेकोले खरिद प्रकृया पारदर्शी र मितव्ययी देखिएन ।

| | | | |
|---|---|---|---|
| २०८१।०३।२० २४१ | अविधा ईन्टरनेसनल | शीत भण्डार निर्माण | ९६८६३६ |
| २०८१।०३।२० २४२ | ट्रान्सप्यासिफिक कन्सट्रक्सन प्रालि | आवश्यक सामाग्री खरिद | ९९६५९२ |
| २०८१।०३।२९ २४९ | एस के निर्माण सेवा | शीत भण्डार निर्माण | ६५०९११ |
| जम्मा | | | २६१६१३९ |

५६ **अनुगमन भत्ता**

स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सेवासुविधा सम्वन्धि (दोस्रो संशोधन समेत) ऐन,२०७५ मा स्थानीय पदाधिकारीहरुले स्थानिय क्षेत्रभित्रका योजनाहरुको अनुगमन गर्ने कार्यवापत भत्ता उपलव्ध गराउने व्यवस्था उल्लेख छैन ।पालिकाको निर्णय बमोजिम पदाधिकारीहरुलाई निम्न योजना तथा कार्यक्रम अनुगमन गरेवापत भत्ता भुक्तानी गरेको देखियो। पदाधिकारीको सुविधा प्रदेश सरकारले स्थानिय जनप्रतिनिधिको सुविधा सम्वन्धि बनाएको कानुन बमोजिम तथा कर्मचारीको हकमा भ्रमण खर्च नियमावली २०६४ बमोजिम हुने भएकोमा सो कानुनमा उल्लेख नभएको अवस्थामा पदाधिकारी तथा कर्मचारीलाई अनुगमन भत्ता भुक्तानी गरेकोले नियम सम्मत नदेखिएको रु ..

| गोश्वरा भौचर मिति | कार्यक्रम | सङ्ख्या | अनुगमन भत्ता रकम |
|---|---|---|---|
| ३५- २०८०।०६।११ | गत वर्षको आयोजना अनुगमन | १४ | १६३००० |
| २३८- २०८१।०३।१८ २३८ | सामी कार्यक्रम अनुगमन | ९ | २२९५० |
| जम्मा | | | १८५९५० |

| | |
|---|---|
| अनियमित भएको | १,८५,९५० |

५७ **प्राविधिक उपकरण व्यवस्थापन** (३८१-२०८१-३-१३):

जिओसफ्ट टेक्नोलोजि प्रालि सँग भएको सम्झौता पत्र अनुसार कम्प्युटरीकृत माध्यमबाट सम्पादन गर्ने गरी सफ्टवेयर जडान गर्ने, सम्बन्धीत कर्मचारीलाई यस विषयमा तालिम दिने कार्य उल्लेख छ।करार सम्झौतामा सफ्टवेयर जडान गरी सम्बन्धित कर्मचारीलाई उक्त सफ्टवेयर संचालन सम्बन्धि तालिम दिने कार्य सम्पन्न पश्चात करकट्टी गरी बाँकी सम्पूर्ण रकम भुक्तानी दिने उल्लेख छ । पालिकाले योजना व्यवस्थापन तथा सूचना प्रणाली सम्बन्धी अभिलेख तथा कारोबारहरुलाई विद्युतीय प्रणालीमा आवद्ध गर्ने सम्बन्धि सफ्टवेयर रु.४९५५०५।०० खरिद गरी जडान भएता पनि सम्झौतामा उल्लेख तालिम नदिएको अवस्थामा सम्झौताका शर्त विपरित सम्पूर्ण रकम भुक्तानी भएको हुँदा तालिम वापत प्रस्तावित रकम रु.४७५५४।०० जिओसफ्ट टेक्नोलोजी प्रा.लि. बाट असुल गर्नुपर्ने रु...

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४७,५५४ |

५८ **गरिवी निवारणका लागि लघु उद्यम** (२२८-२०८१-३-१८):

गरिवी निवारणका लागि लघु उद्यम विकास निर्देशिका २०७७ मा उद्यमीलाई उद्योगको प्रकृति आवश्यकता र उपयोगबाट सिर्जना हुने रोजगारीकतारमा प्रविधि उपलब्ध गराइने व्यवस्था छ। उद्यमीलाई प्रदान गरिने प्रविधिको कुल रकममा कार्यालयले प्रविधि प्राप्त गर्ने

उद्यमीबाट आपूर्तिक कर्तालाई कबोल गरेको कुल अङ्कको कम्तीमा बीस प्रतिशत रकम जम्मा गर्न लगाई बाँकी प्रतिशत रकम कार्यालयले आपूर्तिकर्तालाई भुक्तानी गर्नु पर्ने व्यवस्था छ।गाउँपालिकाले निर्देशिकाको दफा ४१ प्रविधि हस्तान्तरण कार्यक्रम सञ्चालन गर्नुपर्नेमा रु.८००९०.०० लागतको सिप विकास तालिम कार्यक्रममा वाटर ट्याङ्की , डिनर प्लेट , चम्चा र बाँस खरिद गरि वितरण गरिएको भरपाई देखिएकोले प्रविधि हस्तान्तरणको निर्देशिकाको दफा ४१ बमोजिमको लागत सहभागिता नभएको हुँदा लागत साझेदारीको २० प्रतिशत रकमसमेत जम्मा भएको देखिदैन। रोजगारी सृजनाका लागि हस्तान्तरण गरिने प्रविधिले रोजगारी सृजनामा लक्षित नदेखिएको हुँदा नियमसम्मत नभएको रु ..

| | |
|---|---|
| अनियमित भएको | ८०,०९० |

५९ **तलब बृद्धी बढी भुक्तानी**

( ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-७** को निर्णयले रू **१२,६६३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-७** को निर्णयले रू **१०,०७६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

६० **पदाधिकारी इन्धन सुविधा**

स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन २०७५ लाई संशोधन गर्न बनेको ऐन २०७७ अनुसार सेवा सुविधा प्रदान गर्दा तोकिएको अनुसुचीको आधारमा मात्र दिनुपर्ने व्यवस्था रहेको छ । अध्यक्ष तथा उपाध्यक्षले इन्धन सुविधा मासिक रुपमा ८० लिटरका दरले बार्षिक ९६० लिटर डिजेल/ पेट्रोल पाउनेमा ३२५५.१० ली बढी उपलब्ध गराएकोले औषत दर १५२ का दरले रु ४९४७७५।२० बढी खर्च भएको देखियो । सो सम्वन्धमा पालिकाले छलफलको क्रममा अतिथि आवतजावत,कार्यालय प्रयोजन प्रयोग, भौगोलिक विकटता र प्रदेश राजधानी हेटौडा अफिस कामकाजमा बढी जान परेकोले बढी खर्च हुन गएको जनाएको छ ।कार्यालयको काम र अतिथिको लागि प्रयोग हुँदा सोहि प्रयोजनमा खुल्ने गरी लगबुक राख्नुपर्ने र इन्धन खर्चमा नियन्त्रण हुनुपर्दछ । इन्धन खर्च सम्वन्धी विवरण देहाय अनुसार छ ।

| सि नं | पदाधिकारी | सवारी साधन | सुविधा परीमाण | सुविधा लिएको | बढी खर्च परीमाण | औषत मुल्य | फरक परिमाणको मुल्य |
|---|---|---|---|---|---|---|---|
| १ | अध्यक्ष | १ | ९६० | २१४९.७० लि. | ११८९।७ | १५२ | १८०८३४.४ |
| २ | उपाध्यक्ष | १ | ९६० | ३०२५.४० लि. | २०६५।४ | १५२ | ३१३९४०.८ |
| जम्म | | | १९२० | ५१७५.१० | ३२५५.१० | १५२ | ४९४७७५.२ |

६१ **करार कर्मचारीलाई महंगी भत्ताः**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं च. नं १८।०७३।७४ चं.नं २१७ मिति २०७४।१।२५ अनुसार करारमा कर्मचारीलाई महंगी भत्ता उपलब्ध गराउन नमिल्ने गरी परिपत्र भएको छ। पालिकाले करारमा कार्यरत देहायका कर्मचारीलाई महंगी भत्ता भुक्तानी दिएको छ । उक्त परिपत्र विपरित भुक्तानी भएको महंगी भत्ता रु.१५८४०।०० असिष्टेण्ट सव इञ्जिनियर भिम बहादुर वाईवाबाट पारिश्रमिक बुझेको फाल्गुण सम्म ८ महिनाको रु.१६०००।०० को कर कट्टि गरी भुक्तानी भएको रु.१५८४०।०० असुल गर्नुपर्ने रु.

( ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-७** को निर्णयले रू **२३,७६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-७** को निर्णयले रू **९,९००** सम्परीक्षण

गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-७** को निर्णयले रू **२३,७६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-७** को निर्णयले रू **२३,७६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | १५,८४० |
|---|---|

६२ **विपद व्यवस्थापन कोषः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११७ (१) अनुसार सार्वजनिक निकायले निर्माण सामग्री खरिद गरेपछि सोको प्रयोग गरी कार्य स्वीकार प्रतिवेदन तयार गर्नुपर्दछ । पालिकाले २ पटक गरी रु. १८२७०४०।०० को खानेपानी तथा सिंचाई पाइप खरिद गरी खर्च लेखेकोमा उक्त पाईप पालिकाको सेवाग्राही मागको आधारमा वितरण गरेको भरपाई पेश भएको छ ।सार्वजनिक निकायले योजना छनौट सामुहिक हितको आधारमा गर्नुपर्नेमा व्यक्तिलाई पाइप वितरण गर्नु औचित्यपूर्ण देखिदैन । पालिकाले विभिन्न साइजको पाइप खरिद जडान भएको प्रमाण पेश वेगर खर्च लेखेकोले जडान भएको प्राविधिक प्रतिवेदन पेश हुनुपर्ने रु.

| सि नं | सप्लायर्स | सामानको नाम | इकाई | परिमाण | रकम |
|---|---|---|---|---|---|
| ८।०८०।६।३० | श्री शंकर इन्टरप्राइजेज | २० एम एमएच.डि.पि.ई पाइप | मिटर | ३२०० | १५९१०४ |
| | | ३२ एम एम एच.डि.पि.ई पाइप | मिटर | २८०० | २३०९७२ |
| | | ४० एम एम एच.डि.पि.ई पाइप | मिटर | २१०० | २७२८९५ |
| | | २११ ग्यावियन जाली | थान | ४२ | १६६११० |
| ३२।०८०।११।९ | शैकर ग्रुप प्रा लि | २० एम एम. एच.डि.पि.ई पाइप | मिटर | ९०० | ४४७४८ |
| | | २५ एम एम एच.डि.पि.ई पाइप | मिटर | ४०० | २९३८० |
| | | ३२ एम एम एच.डि.पि.ई पाइप | मिटर | १९०० | १५८८७८ |
| | | ४० एम एम एच.डि.पि.ई पाइप | मिटर | ६०० | ७७९७० |
| ३४४।०८१।१।१८ (पुजीगत) | बनेपा निर्माण सामग्री सप्लायर्स | २० एम एम एच.डि.पि.ई पाइप | | ४९०० | २३२५५४ |
| | | २५ एम एम एच.डि.पि.ई पाइप | | १९०० | १४१७०२ |
| | | ३२ एम एम एच.डि.पि.ई पाइप | | ३१७० | २६८६५७ |
| | | ५० एम एम एच.डि.पि.ई पाइप | | १५० | ४४०७० |
| | | | | | १८२७०४० |

| प्रमाण पेश नगरेको | १८,२७,०४० |
|---|---|

६३ **बैदेशिक भ्रमणः** (४९८-):

भ्रमण खर्च नियमावली २०६४ को निमय ३ बमोजिम भ्रमण आदेश वा निर्णय विना भ्रमण खर्च गर्ने गरी भ्रमण गर्न नहुने र स्थानीय तहको पदाधिकारीहरूको विदेश भ्रमण सम्वन्धि निर्देशिका २०७५ को दफा ४ (ख) बमोजिम स्थानीय तहका पदाधिकारीको वैदेशिक भ्रमण मनोनय गर्ने अधिकार संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको हुने उल्लेख छ । पदाधिकारीले बैदेशिक भ्रमण गर्दा नेपाल सरकारको स्वीकृती लिनुपर्ने व्यवस्था छ । गाउँपालिका अध्यक्ष श्री दिनेश लामा मिति २०८१।२।२ देखि २०८१।२।८ सम्म कोरिया भ्रमण गरेकोमा टिकट वापत रु.१३००००।०० समेत दैनिक भ्रमण भत्ता रु.१९६९६६।०० भुक्तानी भएकोमा भ्रमणको स्वीकृती सम्वन्धित मन्त्रीबाट नलिई खर्च गरेकोले स्वीकृती पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,९६,९६६ |

६४ **व्यक्तिलाई भुक्तानीः**

महालेखा नियन्त्रक कार्यालयको प.सं. २०७९/८० च.नं.०१ मिति २०७९।४।२ को आर्थिक वर्ष २०७९।८० को बजेट कार्यान्वयन सम्बन्धी निर्देशिकाको खण्ड (ङ) मा वित्तीय पारदर्शिता जवाफदेहिता र अनुगमन सम्बन्धी व्यवस्थाको नियम ३ बमोजिम नगद कारोबार गर्दा हुन सक्ने जोखिम कम गर्न निर्माण व्यवसायी, सेवा प्रदायक, परामर्शदाताको रकम भुक्तानी गर्दा अनिवार्य रुपमा सम्बन्धीत बैंक खातामा भुक्तानी गर्ने व्यवस्था मिलाउने उल्लेख छ । वडा कार्यालयले सानातिना मर्मत तथा खरिद लगातका कार्य गरेकोमा उक्त कार्यको भुक्तानी सम्वन्धित सप्लायर्स वा निर्माण व्यवसायीलाई गर्नुपर्नेमा वडा अध्यक्षलाई भुक्तानी गरेको छ । खरिद कार्यको भुक्तानी सम्वन्धित फर्मलाई नगरी कर्मचारी तथा अन्य व्यक्तिलाई गरेकोमा निजले उक्त फर्मको बैंक खातामा वा बुझाएको भरपाई समेत पेश गरेको छैन । यसरी भुक्तानी गरेको रकम सम्वन्धितले पाएको हो होइन एकिन हुने अवस्था नदेखिएकोले सम्वन्धित व्यक्ति / फर्मलाई ई एफ टि मार्फत भुक्तानी हुनुपर्दछ ।

| भौ नं | कार्यक्रम | सप्लायर्स | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|
| २३५।०८०।९।२९ | विद्यालयमा खेलकुद सामग्री वितरण | श्री हारतीमाता वस्त्रालय एण्ड फेन्सी स्टोर | ३८१७५ | सप्लायर्सलाई भुक्तानी दिनुपर्नेमा वडानं २ वडाअध्यक्ष हस्तमान लामालाई भुक्तानी गरेको र वितरण भएको प्रमाण पेश नभएको |
| २३६।०८०।९।२९ | हिटर तथा किचेन सामान खरिद | सिके श्रेष्ठ सप्लायर्स | २७१०० | सप्लायर्सलाई भुक्तानी दिनुपर्नेमा वडा नं २ वडा अध्यक्ष हस्तमान लामालाई भुक्तानी गरेको र सामान पाम्समा दाखिला नभएको |

६५ **छात्रवृतीः** (७२८-२०८१-३-२३):

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-७** को निर्णयले रू **१००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

६६ **परामर्श सेवाः** (५२-२०८१-३-२१):

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९ (घ) बमोजिम खरिद सम्झौता बमोजिमको काम सम्पन्न गर्नको लागि लाग्न सक्ने अधिकतम रकम तथा समय समेत विचार नियमावलीको नियम १२ बमोजिम तोकिएको नर्म्स बमोजिम लागत अनुमान तयार गर्नुपर्दछ । पालिका स्तरीय WASH Plan निर्माण गर्न विस्तृत अध्ययन प्रतिवेदनको लागि रु.१९९६८१०।५७ लागत अनुमान तयार गरेको छ । उक्त लागत अनुमान तयार गर्नु पूर्व कार्य गर्न लाग्ने अवधिको अनुमान गरेको भन्दा बढी अवधिको विशेषज्ञ जनशक्ति राखि लागत अनुमान तयार गरेकोले वास्तविक लागत अनुमान भन्दा रु. ३८०४४२।०० बढीको लागत अनुमान स्वीकृत भएको छ । स्वीकृत लागत अनुमान अनुसार नै प्रस्ताव माग गरी परामर्शदाता छनौट गरी रु.१९७९७६०।०० मा कार्य गर्नेगरी सिटिजन डेभलपमेन्ट सोलुसनसंग सम्झौता

बमोजिम वास्तबिक लागत अनुमानको आधार भन्दा बढि लागत अनुमान तयार गरेकोले बढि व्ययभार पारेको रु ३८०४४२।०० नियम सम्मत नदेखिएको रु

| सि नं | जनशक्ती | टिम कम्पोजिसनमा उल्लेख अवधि | लागत अनुमानमा उल्लेख अवधि | फरक अवधि | संख्या | दर | फरक रकम |
|---|---|---|---|---|---|---|---|
| १ | टिम लिडर | २.५ महिना | ९० दिन | १५ दिन | १ | ३२४९ | ४८७३५ |
| २ | सोसियोलोजि | २ महिन | ७५ दिन | १५ दिन | १ | २९१२ | ४३६८० |
| ३ | MIS/GIS Expert १ | २ महिना | ७५ दिन | १५ दिन | १ | २९१२ | ४३६८० |
| ४ | Wash Cordinator/ Supervisor | २ महिना | ७५ दिन | १५ दिन | २ | २९१२ | ८७३६० |
| ५ | Enumerators १२ | १ महिना | ४५ दिन | १५ दिन | ३ | २५१६ | ११३२२० |
| | | जम्मा | | | | | ३३६६७५ |
| | | मुल्य अभिवृद्धि कर | | | | | ४३७६७ |
| | | जम्मा | | | | | ३८०४४२ |
| | | | | | अनियमित भएको | | ३,८०,४४२ |

६७ **बढि भुक्तानीः** (५५-२०८१-३-२३):

अपाङ्गता व्यवस्थापन एवम् मूल प्रवाहीकरण कार्यक्रम संचालन गर्न विकलाङ्ग मित्र समुहले कुल लागत रु.७००५००।०० मध्ये निम्नानुसार खर्च व्यहोर्ने सम्झौता भएकोमा रु.३५८२३५।०० खर्च भएको छ । सम्झौता बमोजिम घटी विल भरपाई पेश भएको देखिएकोले बिल बमोजिम रु.३०१०२९।०० भुक्तानी गर्नुपर्नेमा रु.४२२९३५।०० भुक्तानी भएकोले बढी भुक्तानी भएको रू.१२१९०६।०० असुल हुनुपर्ने रु.

| | | सम्झौता अनुसार | | | विल भरपाई अनुसारको खर्च | |
|---|---|---|---|---|---|---|
| सि नं | खर्च शिर्षक | कुल लागत | पालिकाले व्यहोर्ने | प्रस्तावदाताले व्यहोर्ने | खर्च रकम | पालिकाले व्यहोर्ने रकम |
| १ | सहायक तथा गमनशिल सामग्री नाप जाँच निर्माण र वितरण | ४८१००० | ४००००० | ८१००० | २९६८०० | २४६८१९ |
| २ | निर्माणात्मकशल्यकृया | १७०००० | १५०००० | २०००० | ६१४३५ | ५४२१० |
| ३ | अनुगमन | ४९५०० | ० | ४९५०० | | ० |
| | खर्च हुनुपर्ने रकम | ७००५०० | ५५०००० | १५०५०० | ३५८२३५ | ३०१०२९ |
| | खर्च रकम | | | | | ४२२९३५ |
| | बढि भुक्तानी रकम | | | | | १२१९०६ |
| | | | | | असुल गर्नुपर्ने | १,२१,९०६ |

६८ **लघु उधम विकास कार्यक्रम** (५५४-२०८१-३-४):

लघु उधम विकास कार्यक्रम (MEDPA) निर्देशिका २०७७ को दफा ४१ अनुसार उपलब्ध गराउने प्रविधिको कुल लागतको कम्तीमा २० प्रतिशत रकम उद्यमी स्वयमले व्यहोर्नु पर्ने व्यवस्था छ । दलित उत्थान कार्यक्रम अन्तर्गत १६ थान सिलाई मेसिन एस डी पि ट्रेडर्सलाई रु.२५४४००।०० खर्च गरी लाभग्राहीलाई वितरण गरेकोमा सोको २० प्रतिशत ले हुने रकम रु.५०,८८०।०० लागत सहभागिता गरेको प्रमाण नदेखिएकोले उक्त रकम सम्वन्धितबाट असुल गर्नुपर्ने रु...

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५०,८८० |

६९ **न्यानो झोला कार्यक्रमः**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८०।८१ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका ५ वटा बर्थिङ सेन्टरमा आर्थिक वर्ष २०७८।७९ मा मौज्दात ४६८ थान रहेकोमा आर्थिक वर्ष २०७९।८० र २०८०।८१ मा न्यानो झोला खरिद गरेको पाइएन। आर्थिक वर्ष २०७९।८०मा १०४ जना र आर्थिक वर्ष २०८०।८१ मा ७९ जना गरी जम्मा १८३ जना मात्र प्रसुति भएको अभिलेखबाट देखिन्छ । पालिकाको भण्डारमा खरिद गरिएका २८५ थान न्यानो झोला मौज्दातमा रहेका छन् । खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुँदा आवश्यक परिमाण खरिद गर्नुपर्ने र लामो समय भण्डारमा राख्नु उचित देखिदैन ।

७० **गैर सरकारी सस्थाबाट कार्य**

सार्वजनिक खरिद ऐन, २०७६ को दफा ९९ मा गैरसरकारी संस्थाबाट कार्य गराउन सक्ने व्यवस्था रहेकोमा गैरसरकारी संस्थाबाट काम गराउनको लागि त्यस्तो कामको आवश्यकता, किसिम, समयावधि कामको गुणस्तर, कार्य संचालन विधि, कार्यक्षेत्रगत शर्त र लाग्ने रकमको अनुमान तयार गर्नुपर्दछ। कार्यालयमा रहेका कर्मचारीबाट सम्पन्न गर्न सकिने खालका स-साना कार्य समेत गैर सरकारी संस्था मार्फत गराउदा कर्मचारीको क्षमता अभिवृद्धिमा असर पर्ने देखिन्छ । गैरसरकारी संस्थाबाट उक्त संस्थाको कार्यक्षेत्र, विज्ञता आदि भन्दा फरक प्रकृतिका कार्यक्रमगराएको समेत पाइयो । गाँउपालिकाले गैरसरकारी संस्थाबाट कार्य गराउँदाउ क्त संस्थाको कार्यक्षेत्र, विज्ञता आदिका आधारमा शर्त राखी प्रभावकारी हुने गरी कार्यक्रम संचालन गर्न कार्य सेवागत क्षेत्र दिनुपर्दछ । यसका केही उदाहरण देहाय अनुसार छन्।

| सि.नं | भौ नं र मिति | कार्यक्रम | भुक्तानी पाउने | रकम |
|---|---|---|---|---|
| १ | | स्वास्थ्य संस्था सामाजिक परीक्षण | हेल्दी नेपाल | ३३६००० |
| २ | २६३।०८०।१०।१४ | सार्वजनिक सुनुवाई,जेसीअडिट वापत | ह्युमन डेभलपमेन्ट एण्ड रिसर्चसेन्टर नेपाल प्राली | ३४६९१० |
| ३ | २०८१।०३।२१ ५२ | बाल विवाह अन्त्यका लागि समुदाय परिचालन | लिटन फुट | १४९५०० |
| ४ | २०८१।०३।२१ ५२ | बालमैत्री स्थानिय तह घोषणा पोत्साहन कार्यक्रम | अग्रसर समाज बनेपा काभ्रे | १५०००० |
| | | जम्मा | | ९८२४१० |

७१ **औषधि खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा पच्चीस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । यस वर्ष पालिकाले संघीय स्रोतबाट रु.२०१७०५१.०० को औषधी खरिद गरेको देखिन्छ। सो सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार रहेका छन ।

| सि नं | भौ मिति | सप्लायर्स | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | ५०/२०८०।१०।१९ | सोहन मेडी हेल्थ | १२०३१६९ | बोलपत्र |
| २ | १८४/२०८१।०३।१२ | सोहन मेडी हेल्थ | ८१३८८२ | कोटेशन |
| जम्मा | | | २०१७०५१ | |

- आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको,
- आपूर्ति भएका औषधी एंवम् सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।
- औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको ।

७२ **प्रधानमन्त्री रोजगार कार्यक्रमः**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रममा पालिका अन्तर्गत १२ वडामा २४ वटा योजना सञ्चालन गरी यस वर्ष १५० जनालाई औसत ६१.५ दिनले ७५९८ दिन रोजगारी उपलब्ध गराई रु ५१०५९८६।०० श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे/ नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

७३ **कृषि तथा पशु कार्यक्रम**

कृषि तथा पशु कार्यक्रम संचालन वापत हरि कृष्ण लागेजुलाई रु.७५०००।०० भुक्तानी गरेकोमा सो सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार छन्।

७३.१ ( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-७** को निर्णयले रू **५,४८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

७३.२ (५९-२०८०-६-२५):

